
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# लैङ्गिक तथा समावेशीकरण नीति

२०८०

# लैङ्गिक तथा समावेशी रणनीति

२०८१-२०८६



# लैङ्गिक तथा समावेशीकरण नीति

## २०७०

# लैङ्गिक तथा समावेशी रणनीति

## २०७१-२०७६

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# मन्तव्य

निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष तथा समावेशी हुनका लागि निर्वाचन प्रक्रियाका सबै चरणमा महिला तथा पुरुष दुवैको समान पहुँच हुनु पर्दछ। आजको विश्वमा निर्वाचन व्यवस्थापन तथा कार्यान्वयनका अतिरिक्त राज्यका सबै व्यवस्थाहरू लोकतान्त्रिक रुपमा स्थापित हुनका लागि महिला, जातीय अल्पसङ्ख्यक, सुविधाबाट वञ्चित तथा फरक किसिमले सक्षम व्यक्तिहरू लगायत समाजका सबै समूहको समावेशीता आवश्यक हुन्छ । यस्तो अवस्थामा मात्र स्थिर शान्ति स्थापित भै राष्ट्रिय समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यताले व्यापकता पाइरहेको छ । विश्वको कूल जनसङ्ख्यामा महिलाको संख्या आधा भएको कुरा तथ्याङ्कबाट पुष्टी भएता पनि नेपाललगायत अन्य विकासोन्मुख मुलुकको राजनीतिक, सामाजिक, आर्थिक विकास तथा नीति  निर्माण जस्ता महत्वपूर्ण क्षेत्रमा महिलाहरूको प्रतिनिधित्व उनीहरूको समकक्षी पुरुषका तुलनामा निकै न्यून रहेको मानिन्छ ।

नेपालको संविधानले सुविधाबाट वञ्चित नेपालका सम्पूर्ण जनसमुदायहरूलाई संरक्षण गर्न तथा सशक्त बनाउन समताको अधिकारसम्बन्धी कानुन तथा नीति निर्माणलाई प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ। नेपालको संविधानको भावना अनुरूप निर्वाचन आयोगले निर्वाचन प्रक्रियालाई बढी भन्दा बढी लैङ्गिक मैत्री तथा समावेशी बनाउनका लागि निर्वाचन व्यवस्थापनका सबै चरणहरुमा विभिन्न सुधारको पहल गरिरहेको छ । निर्वाचन आयोगले निर्वाचनहरूमा विभिन्न भौगोलिक क्षेत्रका सबै नागरिक तथा लैङ्गिक समूहको सहभागिता अभिवृद्धिका लागि निर्वाचनसम्बन्धी कानुन तथा नीति निर्माण एवम् सुधार कार्य गर्दै आएको छ । यस सन्दर्भमा निर्वाचन आयेगले २०७० सालमा सम्पन्न गरेको संविधान सभा सदस्य निर्वाचनका सन्दर्भमा पहिलोपटक 'लैङ्गिक तथा समावेशी नीति-२०७०' तयार गरी लागू गरेको हो। लैङ्गिक मैत्री तथा समावेशी संस्थाका रूपमा प्रवर्द्धन गर्ने निर्वाचन आयोग, नेपालको प्रतिबद्धतालाई व्यवहारमा उतार्नका लागि यो एउटा अग्रगामी महत्वपूर्ण कदम सावित हुनेछ। लैङ्गिक तथा समावेशी नीतिले समग्र निर्वाचन चक्रका सबै पहलुहरुमा महिला तथा पुरुषको समान रुपमा सहभागिता प्रवर्द्धन गर्ने दूरदृष्टि अपनाएको छ ।

'लैङ्गिक तथा समावेशी नीति-२०७०' तयार गरी प्रस्तुत गर्ने क्रममा सहयोग गर्नु हुने मेरा सहकर्मी आयुक्तहरू, निर्वाचन आयोगका समस्त कर्मचारीहरू, नेपाल सरकारका मन्त्रालय तथा विभागका कर्मचारीका साथै गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरूप्रति म कृतज्ञता व्यक्त गर्न चाहन्छु। अन्त्यमा, यस प्रकाशनलाई सम्भव बनाउनका लागि प्राविधिक सहयोग उपलब्ध गराएकोमा यू.एन.डी.पी/निर्वाचन सहयोग परियोजना (UNDP/ESP) र इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स् (IFES) लाई धन्यवाद दिन चाहन्छु।


**डा. अयोधीप्रसाद यादव**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त
निर्वाचन आयोग, नेपाल

# भूमिका

विगतमा, खास गरेर गएको दशकदेखि नै निर्वाचन आयोग नेपालले निर्वाचनलाई लैङ्गिकमैत्री एवं समावेशी बनाउन धेरै कदम चाल्दै आएको छ । तर लैङ्गिक एवं समावेशी नीतिको अभावमा ती कामहरुको प्रभावकारिता मापन गर्न कठिनाई भएकोले नीतिको तर्जुमा गरिएको हो । सो नीतिलाई कार्यान्वयन गर्न रणनीति तथा कार्ययोजनाको आवश्यकता भएको हो ।

आयोगले समावेशीकरणको सफलताको सन्दर्भमा जनसंख्याको अनुपातमा सबै वर्ग समुदायको प्रतिनिधित्व मात्र नभएर संपूर्ण निर्वाचन प्रक्रियामा जनसंख्याको आधारमा सहभागिता हुनुपर्ने मान्यता राख्दछ । मतदाताका रुपमा, निर्वाचन व्यवस्थापकका रुपमा, सुरक्षाकर्मी एवं स्वयंसेवकका रुपमा वा उम्मेदवारका रुपमा सबै निर्वाचन आयोगका लागि सरोकारवाला नै हुन् । यो नीतिले यही कुरा गर्दछ ।

बहिष्कृत एवं सीमान्तकृत वर्ग/समुदायको दिगो सशक्तीकरण तृणमूलको सशक्तीकरणबाट मात्र संभव छ । त्यसैले अब हाम्रो ध्यान स्थानीय निकायतिर बढी रहेको छ । स्थानीय स्तरमा स्थानीय नेतृत्वलाई सही अर्थमा समावेशी बनाउन सकिए, त्यही समावेशी नेतृत्व तहबाट दूरगामी रुपमा समावेशी राष्ट्रिय एवं प्रान्तीय नेतृत्व तहको पनि विकास हुनेछ ।

यही अवधारणा अनुरुप निर्वाचन आयोगले स्थानीय निकाय निर्वाचन कार्यविधि ऐन, २०४८ वि.स.को मस्यौदामा मुख्य नेतृत्व तहका पदहरुमा राजनीतिक पार्टीहरुले ५०% महिलाको उम्मेदवारी दिनु पर्ने प्रावधान राखेको छ । हाम्रो विश्वास छ कि यस्ता कार्यहरुबाट नै भविष्यमा हामीले परिकल्पना गरेको समावेशी राजनीतिक प्रतिनिधित्वको स्थापना हुनेछ ।

निर्वाचन आयोगले समावेशी निर्वाचन एवं समावेशी प्रतिनिधित्वलाई

वास्तविकतामा परिणत गर्ने हो भने निर्वाचन आयोग आफै पनि समावेशी एवं लैङ्गिकमैत्री संस्था हुनु पर्दछ । निर्वाचन आयोगको लैङ्गिक उत्तरदायी बजेट पनि यही प्रक्रियाको एउटा चरण हो ।

निर्वाचन आयोगमा लैंङ्गिक इकाईको गठन भइसकेकोले लैङ्गिक एवं समावेशी नीति, रणनीति एवं कार्ययोजनाको कार्यान्वयन एवं मूल्यांकन अब धेरै प्रभावकारी हुनेछ ।

लैङ्गिक एवं समावेशीकरण समितिको संयोजकका हैसियतले मा. प्रमुख निर्वाचन आयुक्त, मा. निर्वाचन आयुक्तहरु, निर्वाचन आयोगका सबै अधिकृत एव. कर्मचारी र विशेष गरी योजना अनुगमन तथा वैदेशिक शाखाका अधिकारीहरुलाई यो दस्तावेजमा योगदानका लागि धन्यवाद दिन चाहन्छु । अन्य नेपाल सरकारका अधिकारीहरु, गैर सरकारी निकाय, एवं हाम्रा अन्य सरोकारवालाहरु प्रति पनि यस दस्तावेज-लेखनका विभिन्न चरणहरुमा सहभागिताका लागि आभारी छु । हाम्रा दुबै विकास भागीदारहरु UNDP/ESP एवं IFES लाई हाम्रो समावेशिताको यस अभियानमा प्राविधिक सहयोगका लागि धन्यवाद दिन चाहन्छु ।

ईला शर्मा

**ईला शर्मा**
निर्वाचन आयुक्त
निर्वाचन आयोग, नेपाल

# लैङ्गिक तथा समावेशीकरण नीति

२०७०

## १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ ले प्रत्येक नागरिकको वैयक्तिक स्वतन्त्रताको हक र धारा १३ ले समानताको हकको सुनिश्चितता गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी लगायत आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सक्ने व्यवस्था समेत गरेकोछ । धारा २१ मा सामाजिक न्यायको हक अन्तर्गत महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक र धारा ३३ (घ १) ले राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी र जनजाति, महिला, पिछडा वर्ग लगायत पिछडिएका वर्ग र क्षेत्रका सबै नागरिकलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने नीति राज्यले अबलम्बन गर्ने उल्लेख गरिएको छ । त्यस्तै धारा १४२ ले राजनैतिक दलको रूपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरू समेत रहने समावेशी व्यवस्था गरिएको हुनु पर्ने कुरा उल्लेख छ ।

त्यसै गरी राष्ट्रिय जनगणना, २०६८ को नतिजा अनुसार पुरुषभन्दा बढी हिस्सा ओगटेका महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक तथा नीतिगत लगायत विकासका विविध क्षेत्रमा भने पुरुषको तुलनामा महिलाको सहभागिता न्यून रहेको देखिएको छ ।

लैङ्गिक समानता तथा समावेशीसम्बन्धी विगतमा भएका प्रयासहरूमा सुधार गर्न निर्वाचनसम्बन्धी विद्यमान नीतिगत, संरचनागत, प्रकृयागत व्यवस्थाहरूको सुधार र व्यवहारिकरुपमा समेत लैङ्गिक संवेदनशीलता र समावेशीकरणको आवश्यकता र अवधारणालाई सम्वोधन गर्ने गरी नीति, कानून तथा संरचनाहरू तयार गर्नुपर्ने हुन्छ । यसका लागि निर्वाचनका सम्बन्धमा लैङ्गिक तथा समावेशीकरणको नीति निर्माण गरी कार्यान्वयनमा ल्याउनु आवश्यक देखिएको छ ।

## २. विगतका प्रयासहरू

नेपाल सरकार वैधानिक कानून, २००४ देखि नै महिलाहरूलाई मतदान गर्ने

अधिकार प्रदान गरेको भएता पनि विक्रम सम्बत् २०१५ सालमा भएको संसदीय आमनिर्वाचनमा मात्रै महिलाहरू निर्वाचनमा सहभागी हुन पाएका थिए । स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा श्रोत र साधनको परिचालन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति रआदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका जनताको सहभागिता अभिवृद्धि गर्ने, स्थानीय निकायको एक वार्डमा कम्तीमा एकजना महिला प्रतिनिधित्वको सुनिश्चितता गर्ने व्यवस्था छ ।

निर्वाचन आयोगले संविधानसभा सदस्य निर्वाचन, २०६४ को व्यवस्थापन गर्ने क्रममा आफ्ना नीति तथा कार्यक्रमहरूको तर्जुमा एवं कार्यान्वयन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्तलाई आत्मसात गर्ने प्रयत्न गरेको थियो । संविधानसभा निर्वाचन, २०६४ को लागि आयोगबाट तयार गरिएको मतदाता शिक्षा नीतिमा लैङ्गिक समावेशीकरणका लागि प्रावधानहरू राखिए अनुरुप मतदाता शिक्षाका लागि जनशक्ति परिचालन गर्दा र सामग्रीहरू प्रकाशन गर्दा लैङ्गिक पक्षलाई ध्यान दिइएको थियो । संविधानसभा सदस्य निर्वाचन २०६४ को लागि तयार गरिएका निर्देशिका, तथा निर्वाचन आचारसंहितामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्तमा नराम्रो असर पर्न सक्ने सूचनाको प्रयोग गर्न निषेध गरिएको थियो । सो निर्वाचनको लागि मतदाता दर्ता विशेष कार्यक्रम सञ्चालन गर्न गणकहरू परिचालन गर्दा महिला गणकहरूलाई प्राथमिकता दिइएको थियो । मतदानको समयमा समेत महिला तथा पुरुष मतदाताको अलग अलग लाइनको व्यवस्था गर्नुका साथै औंलामा मसी लगाउने जिम्मेवारी महिला कर्मचारीहरूलाई दिने व्यवस्थाको शुरुवात गरिएको थियो ।

## ३. वर्तमान स्थिति

संविधानको मर्म र भावना तथा विभिन्न कानूनी व्यवस्था अनुसार निर्वाचन प्रक्रियालाई लैङ्गिक मैत्री तथा समावेशी बनाउन निर्वाचन आयोगले निर्वाचन व्यवस्थापन प्रक्रियामा विभिन्न सुधारहरू गर्दै आएकोछ । विगतको मतदाता नामावली सङ्कलन प्रकृयामा सुधार गरी फोटोसहितको मतदाता नामावली तयार गर्ने क्रममा महिला, दलित, आदिवासी रजनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रका नागरिकहरू नछुटुन भन्ने उद्देश्यले

मतदाता नामावली दर्ताको कामलाई पटक पटक स्थानीय स्तरमा पुऱ्याएको छ । सो क्रममा सञ्चालन गरिएको मतदाता शिक्षा र लक्षित समुदायमा आधारित मतदाता दर्ता रणनीतिहरूले दर्ता प्रक्रिया अझ बढी लैङ्गिक मैत्री र समावेशी बनेको छ । साथै निर्वाचनमा सबै क्षेत्र, वर्ग र लिङ्गको सहभागिता बढीभन्दा बढी गराउनको लागि आयोगले नयाँ नीति तथा कानून, निर्देशिकाको निर्माण र परिमार्जन गर्दै आएकोछ। निर्वाचनमा लैङ्गिक संवेदनशिलता तथा समावेशीकरणको क्षेत्रमा भएका प्रयासहरूलाई समयसापेक्ष सुधार गर्दै आगामी निर्वाचनमा समेत निरन्तरता दिनु जरुरी छ ।

## ४. समस्या, चुनौती र अवसर

### ४.१ समस्याः

निर्वाचनमा लैङ्गिक तथा समावेशीकरणका सम्बन्धमा देहाय अनुसारका समस्याहरू विद्यमान रहेकाछन् :

१) संविधान तथा कानूनले व्यवस्था गरेको लैङ्गिक समानुपातिक तथा समावेशी अवधारणाको प्रभावकारी कार्यान्वयन तथा उपयुक्त उपायहरूको अबलम्बन नहुनु,

२) निर्वाचनमा भाग लिने राजनीतिक दलहरूले लैङ्गिक तथा समानुपातिक समावेशी नीति तथा प्रकृयाहरूलाई अक्षरशः अवलम्बन नगर्नु,

३) साँस्कृतिक, सामाजिक विभेदको कारण मतदानमा महिला सहभागिता न्यून हुनु,

४) निर्वाचनको प्रकृयाहरूमा लैङ्गिक संवेदनशील भौतिक पूर्वाधार तथा सामग्रीहरूको कमी हुनु,

५) महिलाहरूको स्वतन्त्र तथा गोप्य मताधिकारलाई पूर्णरुपमा प्रयोग गर्न पाउने अवस्था नहुनु ।

### ४.२ चुनौतीः

निर्वाचनलाई लैङ्गिक तथा समावेशी सिध्दान्त अनुरुप स्वच्छ, निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउनका लागि देहाय बमोजिमका चुनौतीहरू रहेका छन् :

१) निर्वाचनसम्बन्धी नीति तथा कानूनहरूलाई लैङ्गिक संवेदनशील तथा समावेशी बनाउनु,

२) निर्वाचनमा लैङ्गिक तथा समावेशीकरणसम्बन्धी नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु,

३) लैङ्गिक तथा समावेशीकरणसम्बन्धी सरोकारका विषयहरूलाई लक्षित वर्गसम्म पुऱ्याई प्रभावकारी जनचेतनाको अभिवृद्धि गर्नु,

४) निर्वाचनमा लैङ्गिक तथा समावेशीकरणसम्बन्धी नीति तथा कानुनले व्यवस्था गरेबमोजिमका सेवा, सुविधाहरू उपलव्ध गराउनका लागि आवश्यक साधन श्रोत जुटाउनु ।

### ४.३ अवसरः

१) नेपालको अन्तरिम संविधान, २०६३ ले लैङ्गिक तथा समावेशीकरणको अवधारणालाई आत्मसात गर्न व्यक्त गरेको प्रतिबद्धतालाई व्यबहारमा लागु गर्ने ।

२) निर्वाचन आयोगले लैङ्गिक तथा समावेशीकरणको सम्बन्धमा बिगतदेखि नै गर्दै आएका विभिन्न प्रयासहरूलाई कार्यान्वयनमा रुपान्तरण गर्ने ।

३) अनुमोदन भई सकेका राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सन्धि संझौताहरूमा व्यक्त गरिएका प्रतिबद्धतालाई ब्यवहारमा ल्याउने ।

४) महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडा वर्ग, पिछडिएको क्षेत्र, मधेसी र अन्य अल्पसंख्यक नागरिकहरूले विभिन्न माध्यमहरूबाट उठाएका लैङ्गिक तथा समावेशीकरणको विषयलाई सम्बोधन गर्ने ।

## ५. नीतिको आवश्यकता

महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) १९७९, मा नेपालले हस्ताक्षर गरिसकेको सन्दर्भमा नेपाली नागरिकहरूलाई निर्वाचनमा सहभागी गराउन मतदाता शिक्षा प्रदान गर्दा तथा निर्वाचन व्यवस्थापनसम्बन्धी हरेक क्रियाकलापहरूमा लैङ्गिकता र समावेशिताको अवधारणालाई आत्मसात गर्न सकिएमा मात्र निर्वाचन लैङ्गिकमैत्री र समावेशी

हुन सक्छ । लोकतान्त्रिक निर्वाचन प्रक्रियामा सबै नागरिकहरूको सहभागिता सुनिश्चित गर्न विभिन्न नीतिगत, संरचनागत एवं कानुनी व्यवस्थाहरू गरी लैङ्गिक तथा समावेशीकरण नीति तर्जुमा गरी त्यसको कार्यान्वयन गर्नु आवश्यक हुन्छ ।  यस पृष्ठभूमिमा लैङ्गिक र समावेशी दृष्टिले पछि परेका सबै वर्ग, क्षेत्र र समुदायका महिला, पुरुष र तेस्रो लिङ्गी तथा दलित, उत्पीडित, सीमान्तकृत र बहिष्करणमा परेका सबै नागरिकलाई निर्वाचन प्रकृयाका हरेक चरणमा उनीहरूको सहभागिता वृद्धि गराई राज्यले अबलम्बन गरेको लोकतान्त्रिकरणको प्रकृयालाई सुदृढ बनाउन यो नयाँ नीति तर्जुमा गरिएको छ ।

## ६. लैङ्गिक तथा समावेशीकरण सम्बन्धी निर्देशक सिद्धान्तहरू (Guiding Principles)

नेपालको अन्तरिम संविधान २०६३ ले सामाजिक न्यायको हक अर्न्तगत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हकको ब्यवस्था गरेको छ । संविधानको धारा ६३ (४)ले संविधानसभाको गठनका लागि राजनैतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्ने र उम्मेदवारहरूको सूची तयार गर्दा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायत अन्य वर्ग समेत समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने ब्यवस्था गरेको छ । यसका लागि निर्वाचन आयोगले आवश्यक नीति निर्माण गर्न र प्रक्रियाहरू अवलम्बन गर्न सक्ने छ । नेपालको अन्तरिम संविधानले विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, लोकतान्त्रिक प्रणाली, सामाजिक न्याय र समानता, आवधिक, निष्पक्ष, स्वच्छ तथा पारदर्शी निर्वाचनका अवधारणाहरूको पूर्ण परिपालना गर्ने  तथा राज्य पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिवद्धता ब्यक्त गरेको छ । अतः देशको संवैधानिक ब्यवस्था तथा देशले कार्यान्वयन गर्ने प्रतिवद्धता ब्यक्त गरेका अन्तर्राष्ट्रिय सन्धि सम्झौताका विभिन्न प्रावधानहरू समेतले गर्दा राष्ट्रिय निर्वाचनलाई लैङ्गिक मूलप्रवाहीकरण गर्न तथा समावेशी बनाउन आवश्यक छ ।

## ७. परिलक्ष्य (Vision)

संवैधानिक व्यवस्था अनुरुप निर्वाचन मार्फत राज्यका सवै संरचनाहरूमा नागरिकहरूको समानुपातिक तथा समावेशी प्रतिनिधित्व गराउने तथा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, बिश्वसनीय र पारदर्शी बनाउनका लागि निर्वाचन आयोगलाई लैङ्गीक तथा समावेशी दृष्टिकोणबाट एउटा संवेदनशील संस्थाको रुपमा विकास गर्ने ।

## ८. उद्देश्यहरू

८.१ निर्वाचनका सम्पूर्ण प्रक्रियाहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने ।

८.२ निर्वाचन सम्बन्धी सबै प्रक्रियाहरूमा समावेशी दृष्टिकोण समावेश गर्ने।

८.३ निर्वाचन आयोगलाई लैङ्गिक संवेदनशील तथा समावेशी संस्थाको रुपमा विकास गर्ने ।

## ९. नीति

**(क) उद्देश्य ८.१ सँग सम्वन्धित** (उद्देश्य : निर्वाचनका सम्पूर्ण प्रक्रियाहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने)

९.१ निर्वाचनसम्बन्धी सबै कानुन, नियम तथा निर्देशिकाहरूलाई लैङ्गिक दृष्टिकोण अनुरुप सुधार तथा परिमार्जन गरिनेछ ।

९.२ लैङ्गिक दृष्टिकोणले मतदाता तथा उम्मेदवारहरूको फरक आवश्यकता पहिचान गर्न निरन्तर रुपमा अध्ययन अनुसन्धान गरिनेछ ।

९.३ मतदाता नामावली तयार गर्दा लैङ्गिक दृष्टिले फरक आवश्यकता भएकाहरूको पहिचान गर्ने तथा मतदाताहरूको अभिलेखलाई लैङ्गिक दृष्टिकोणले विश्लेषण गरिनेछ ।

९.४ मतदाता शिक्षा प्रदान गर्दा लैङ्गिक र अन्य विभिन्न वर्गको आवश्यकतालाई सम्वोधन गरिनेछ ।

९.५ मतदान स्थललाई लैङ्गिकमैत्री बनाउनुका साथै मतदान प्रकृयामा

लैङ्गिक आवश्यकतालाई पर्याप्त ध्यान दिइनेछ ।

९.६ महिला तथा तेस्रो लिङ्गी उम्मेदवारहरूको फरक आवश्यकतालाई नीति तथा कार्यक्रमबाटै सम्बोधन गरिनेछ ।

९.७ निर्वाचनलाई लैङ्गिक दृष्टिकोणबाट पूर्ण समावेशी बनाउन विशेष व्यवस्था गरिनेछ ।

**(ख) उद्देश्य ८.२ संग सम्वन्धित** (उद्देश्य : निर्वाचन सम्बन्धी सबै प्रकृयाहरूमा समावेशी दृष्टिकोण समावेश गर्ने )

९.८ निर्वाचनसम्बन्धी सबै कानुन, नियम तथा निर्देशिकाहरूमा समावेशी नीतिअनुरुप लैङ्गिक विषयलाई समावेश गरिदै लगिनेछ ।

९.९ मतदाता नामावली सङ्कलन गर्न तथा मतदान प्रकृयामा समावेश गराउन समावेशी दृष्टिकोणले फरक आवश्यकता भएकाहरूका लागि विशेष कार्यक्रम तर्जूमा गरी कार्यान्वयन गरिनेछ ।

९.१० समावेशी दृष्टिकोणले महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडा वर्ग, पिछडिएको क्षेत्र, मधेसी र अन्य अल्पसंख्यक मतदाताहरूको खण्डीकृत अभिलेख तयार गरिनेछ ।

९.११ मतदाता नामावली तयार गर्दाका वखत नै समावेशी दृष्टिले मतदाताहरूको विश्लेषण गरी कमी कमजोरीहरूको क्रमशः सुधार गरिनेछ ।

९.१२ राजनीतिक दलहरूले पहिलो हुने निवार्चित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवार चयन गर्दा तथा समानुपातिक उम्मेदवारहरूको सूची तयार गर्दा लैङ्गिक तथा समावेशीकरणको सिद्धान्तलाई पालना गराइनेछ ।

९.१३ महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी र अन्य अल्पसंख्यक नागरिकहरूलाई निर्वाचनमा सहभागी हुन निर्वाचन शिक्षा मार्फत प्रोत्साहन गरिनेछ ।

**(ग) उद्देश्य ८.३ संग सम्वन्धित** (उद्देश्य : निर्वाचन आयोगलाई लैङ्गिक संवेदनशील र समावेशी संस्थाको रुपमा विकास गर्ने ।)

९.१४ निर्वाचन आयोगमा पदाधिकारी र कर्मचारीहरू नियुक्त वा पदस्थापन गर्दा लैङ्गिक सन्तुलन र समावेशी बनाउन प्रयत्न गरिनेछ ।

९.१५ सचिवालयको सांगठनिक संरचनामा हेरफेर गरी लैङ्गिकता र समावेशीकरण सम्वन्धी विषयमा केन्द्रित हुन छुट्टै संरचना निर्माण गरिनेछ ।

९.१६ निर्वाचन आयोगको वार्षिक तथा आवधिक कार्यक्रमको लैङ्गिक र समावेशी विश्लेषण गरी निरन्तर सुधारमा जोड दिइनेछ ।

## १०. रणनीति

**(क) उद्देश्य ८.१ संग सम्वन्धित** (उद्देश्य : निर्वाचनका सम्पूर्ण प्रक्रियाहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने )

१०.१ मतदाता नामावली तयार गर्नु पूर्व, मतदाता नामावली सङ्कलन गर्ने क्रममा विषय विज्ञहरूद्धारा लैङ्गिक दृष्टिकोणबाट सम्वोधन हुनुपर्ने विषयहरूको अध्ययन अनुसन्धान गराई सम्वोधन हुनु पर्ने विषयहरूको सूची आयोगबाट स्वीकृत गराइनेछ ।

१०.२ मतदाता नामावली सङ्कलनको निर्देशिका तयार गर्दा तथा मतदाता नामावली सङ्कलन कार्यक्रम तर्जुमा गर्दा लैङ्गिक दृष्टिले विश्लेषण र परिमार्जन गरिनेछ ।

१०.३ मतदाता नामावली सङ्कलन कार्यक्रम सञ्चालन भैरहेका वखत समेत आयोगले आवश्यक देखेमा मतदाता नामावली सङ्कलन प्रकृयाको लैङ्गिक दृष्टिकोणले अनुगमन तथा अध्ययन विश्लेषण गराउन सक्नेछ।

१०.४ मतदाता नामावली सङ्कलन गर्दाकै वखत लैङ्गिक दृष्टिकोणले फरक आवश्यकता भएका मतदाताहरूलाई निर्वाचन प्रकृयाका बारेमा जानकारी गराई मतदान सम्वन्धी नागरिकको अधिकारको आवश्यकता र महत्वबारे जानकारी प्रदान गरिनेछ ।

१०.५ आयोगले मतदाता नामावली सङ्कलनमा गर्भवती महिला, सुत्केरी, बालवच्चा साथमा लिई आएका महिला, वृद्ध, अशक्त, अपाङ्गता भएका व्यक्तिहरूका लागि सकेसम्म सहज पहुँच हुने व्यवस्था गरिनेछ ।

१०.६ मतदाता नामावली सङ्कलन गर्न जनशक्तिको व्यवस्था गर्दा लैङ्गिक दृष्टिले फरक क्षमता भएकाहरूकालाई समेत समावेश गरिनेछ ।

१०.७ सङ्कलित मतदाता नामावलीका आधारमा लैङ्गिक दृष्टिकोणबाट तथ्यहरूको विश्लेषण गर्दै प्रतिवेदन तयार गरी समय समयमा सार्वजनिक गरिनेछ ।

१०.८ निर्वाचन प्रकृयामा हुने लैङ्गिक हिंसा तथा जातीय, भाषिक, धार्मिक जस्ता सामाजिक सद्भावमा खलल पुऱ्याउने कार्य विरुद्ध आचारसंहिता बनाई कार्यान्वयन गरिनेछ ।

१०.९ महिला तथा तेस्रो लिङ्गी र अन्य अल्पसंख्यक नागरिकहरूलाई निर्वाचनमा सहभागी हुन, उम्मेदवार बन्न प्रोत्साहन गरिनेछ ।

१०.१० मतदानस्थलमा सहज पहुँच हुने गरी गर्भवती, सुत्केरी, बालबच्चा साथमा लिई आएका, वृद्ध, अशक्त, अपाङ्गता भएका मतदातालाई द्रुत मार्ग (Fast Track) को व्यवस्था गरिनेछ ।

१०.११ मतदानस्थलमा हातमा मसी लगाउने कर्मचारी संभवभएसम्म महिलाका लागि महिला र पुरुषका लागि पुरुष नै खटाउने व्यवस्था मिलाउनुका साथै पर्याप्त संख्यामा महिला सुरक्षाकर्मीहरू तथा महिला स्वयंसेवकहरूको व्यवस्था गरिनेछ ।

१०.१२ लैङ्गिक दृष्टिले उत्कृष्ट ठहरिएका मतदान केन्द्रका कर्मचारीहरूलाई आयोगले प्रोत्साहन तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

**(ख) उद्देश्य ८.२ सँग सम्वन्धित** (उद्देश्य : निर्वाचन सम्बन्धी सबै प्रकृयाहरूमा समावेशी दृष्टिकोण समावेश गर्ने ।)

१०.१३ निर्वाचन प्रकृयाका विभिन्न चरणमा निर्वाचन आयोगले कर्मचारी नियुक्ति गर्दा, अनुगमन टोली गठन गर्दा, पर्यवेक्षण गर्ने अनुमति

दिंदा, अस्थायी दरवन्दीमा कर्मचारी नियुक्ति गर्दा, विशेषज्ञको सेवा लिंदा, राजनीतिक दल दर्ता गर्दा, आचारसंहिता जारी गर्दा र मतदाता जागरण कार्यक्रम सञ्चालन गर्दा आयोगले समावेशी पक्षलाई उच्च महत्व दिनेछ ।

१०.१४ निर्वाचन सम्वन्धी कसुरमा सजाँय हुँदा समावेशी दृष्टिकोणबाट पछि परेका मतदातालाई लक्ष्यित गरी यस्तो कसुर गरेको प्रमाणित भएमा थप सजाँय हुने प्रावधान सो सम्वन्धी कानूनमा समावेश गरिनेछ ।

१०.१५ राजनैतिक दल दर्ता गर्दा पेश हुने विधानमा वा साविक राजनीतिक दलहरूको विधानमा समावेशी ब्यवस्था थप गर्न आयोगले आवश्यक निर्देशन दिन सक्नेछ ।

१०.१६ समावेशी दृष्टिकोणले सम्बोधन गर्नुपर्ने मतदाताहरूका लागि खण्डीकृत तथ्याङ्कका आधारमा कार्यक्रम तर्जुमा गरी मतदाता नामावली सङ्कलन गरिनेछ ।

१०.१७ खण्डीकृत तथ्याङ्कका आधारमा मतदाता नामावली सङ्कलन गर्दा समावेशी दृष्टिकोणले सम्बोधन गर्नुपर्ने मतदाताहरूको सहभागितालाई निरन्तर अनुगमन गरिनेछ ।

१०.१८ निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलका पदाधिकारीहरूलाई सहभागी गराई आयोगले सचेतनामूलक तालिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१०.१९ मतदाता शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्दा समावेशी विषयवस्तुलाई समावेश गर्नुका साथै विभिन्न भाषामा प्रकाशन गरी प्रचार प्रसार गरीनेछ ।

१०.२० मतदाता शिक्षाका कार्यक्रमहरू समावेशी दृष्टिकोणबाट प्रभावकारी भए नभएको एकीन गर्न अध्ययन अनुसन्धानमा जोड दिइनेछ ।

१०.२१ समावेशी दृष्टिकोणबाट उपयुक्त देखिएका मतदाता शिक्षाका विषयवस्तुहरूलाई विद्यालय तहको पाठ्यक्रममा समावेश गर्न आवश्यक पहल गरिनेछ ।

१०.२२ समावेशी जांचसूची (Inclusive Check List) का आधारमा निर्वाचन प्रकृयामा समावेशीकरणको अवधारणालाई प्रभावकारीरुपमा अबलम्वन गरिनेछ ।

(ग) उद्देश्य ८.३ सँग सम्वन्धित (उद्देश्य : निर्वाचन आयोगलाई लैङ्गिक संवेदनशील र समावेशी संस्थाको रुपमा विकास गर्ने ।)

१०.२३ आयोगमा पदाधिकारी नियुक्त गर्दा लैङ्गिक तथा समावेशी रुपमा सन्तुलन हुनु पर्ने विषयलाई आयोगले सम्वन्धित निकायहरूको ध्यानाकर्षण गराउनेछ ।

१०.२४ आयोग तथा अर्न्तगतका निकायहरूमा कर्मचारीहरू नियुक्ति, पदस्थापना तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दा लैङ्गिक सन्तुलन र समावेशीकरणलाई आधारका रुपमा लिइनेछ ।

१०.२५ आयोग तथा यस अर्न्तगतका निकायहरूमा कार्यरत कर्मचारीहरूको क्षमता विकासमा जोड दिई लैङ्गिक र समावेशी दृष्टिकोणले विश्लेषण गर्न सक्षम बनाइनेछ ।

१०.२६ लैङ्गिक र समावेशी दृष्टिले अनुकुल हुने गरी कार्यस्थल तथा कार्य वातावरण निर्माण गरिनेछ ।

१०.२७ निर्वाचन प्रकृयामा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दा लैङ्गिक र समावेशीकरणसँग सरोकार रहेका निकायहरूसँग सहकार्य र साझेदारीमा जोड दिइनेछ ।

## ११. संस्थागत व्यवस्था

### ११.१ लैङ्गिक तथा समावेशी समन्वय समितिको गठनः

यो नीतिमा उल्लेख भएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउन देहायबमोजिमको एक लैङ्गिक तथा समावेशी समन्वय समिति गठन हुनेछ :

१) आयोगले तोकेको निर्वाचन आयुक्त - संयोजक

२) सदस्य, राष्ट्रिय महिला आयोग - सदस्य

३) सचिव, निर्वाचन आयोग - सदस्य

४) सचिव, शिक्षा मन्त्रालय - सदस्य

५) सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय - सदस्य

६) आयोगले मनोनित गरेका लैङ्गिकता तथा समावेशीकरणका क्षेत्रमा कार्यरत संघ संस्था तथा नागरिक समाजका प्रतिनिधिहरू ५ जना (दलित आयोग/जनजाति महासंघ) - सदस्य

७) लैङ्गिकसम्पर्क विन्दु, (सहसचिव) निर्वाचन आयोग, नेपाल - सदस्य सचिव

**११.२ लैङ्गिक तथा समावेशी समन्वय समितिको काम, कर्तव्य र अधिकारः**

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

१) समावेशी दृष्टिकोण सहितको लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी विषयमा नीतिगत निर्णय गर्न आयोगलाई सहयोग गर्ने ।

२) आयोगसम्वद्ध ऐन, नियमावली, नीति, कार्यविधि, निर्देशिका र आचार संहिताहरू लैङ्गिक तथा समावेशी सिद्धान्त अनुरुप भए नभएको हेरी त्यस्ता विषयमा राय सुझावसहित नीतिगत निर्णयका लागि आयोगमा पेश गर्ने ।

३) निर्वाचन प्रकृयामा लैङ्गिक तथा समावेशीकरण सम्वन्धमा विज्ञ टोली मार्फत सुझाव प्राप्त गरी सिफारिसकासाथ आयोग समक्ष पेश गर्ने ।

४) वार्षिकरुपमा यस नीतिको कार्यान्वयन अवस्थाको समीक्षा गरी गराई सचिवालय, लैङ्गिक एकाईलाई आवश्यक निर्देशन दिने र आयोग समक्ष प्रतिवेदन पेश गर्ने ।

**११.३ लैङ्गिक तथा समावेशी एकाई (Gender and Inclusion Unit) को गठनः**

निर्वाचनमा लैङ्गिक तथा समावेशीकरणका विषयहरूमा कार्य गर्न सचिवालयको लैङ्गिक सम्पर्क विन्दुको मातहतमा रहने गरी एक लैङ्गिक तथा समावेशी एकाई गठन गरिनेछ ।

**११.४ लैङ्गिक तथा समावेशी एकाईको काम, कर्तव्य र अधिकारः** यस एकाईको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

१) निर्वाचनमा लैङ्गिक तथा समावेशी सवालसँग सम्वन्धित् कार्य गर्ने ।

२) लैङ्गिक तथा समावेशी खण्डीकृत तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रकाशन गर्ने

३) निर्वाचन प्रकृयासँग सम्वन्धित ऐन, नियमावली, निर्देशिका, कार्यविधि, योजना, बजेट, कार्यक्रम तथा संरचना लगायत विध्यमान सामाजिक, सांस्कृतिक, आर्थिक र व्यावहारिकता समेतको लैङ्गिक तथा समावेशी दृष्टिकोणले विश्लेषण गरी ती विषयहरूलाई लैङ्गिकमैत्री एवं समावेशी बनाउन पहल गर्ने ।

४) आयोग, लैङ्गिक तथा समावेशी समन्वय समिति तथा सचिवालयको निर्देशन अनुसार नीति कार्यान्वयनका लागि आवश्यक कार्ययोजना तर्जुमा गर्ने ।

५) निर्वाचन प्रकृयामा लैंगिकता र समावेशीकरणसँग सम्बन्धित गुनासाहरूको सुनुवाइ गर्ने ।

६) निर्वाचन प्रकृयामा लैङ्गिक बजेट तर्जुमा गरी पेश गर्नुका साथै तर्जुमा भएको बजेटलाई लैंगिक विश्लेषण गरी सचिवालयमा प्रतिवेदन पेश गर्ने ।

७) आफ्नो कार्यक्षेत्र भित्र परेका विषयहरूमा आवश्यकता अनुसार लैङ्गिक तथा समावेशी विषयहरूको परीक्षण गर्ने ।

८) निर्वाचन प्रकृयामा हुने लैङ्गिक हिंसा विरुद्ध आचारसंहिता तयार गरी स्वीकृतिका लागि पेश गर्ने तथा स्वीकृत आचारसंहिता कार्यान्वयन गर्ने, गराउने ।

९) लैङ्गिक तथा समावेशी समन्वय समितिको काममा सहयोग गर्ने ।

## १२. वितीय व्यवस्था

यस नीति कार्यान्वयनका लागि कार्ययोजना बनाई आवश्यक श्रोत साधनको

व्यवस्थापन गरिनेछ । यसका लागि आयोगले सरकारी क्षेत्र लगायत अन्य स्वदेशी तथा विदेशी संघसंस्थाहरू तथा गैरसरकारी र निजी क्षेत्र समेतको श्रोत साधन परिचालन गर्न सक्नेछ ।

## १३. नीतिगत तथा कानुनी सुधार

### १३.१ कानुनी सुधार

१) नीतिको प्रभावकारी कार्यान्वयनका लागि निर्वाचनसँग सम्बधित ऐन, नियमावली, तथा निर्देशिकाहरूमा समसामयिक सुधार गरिनेछ ।

२) नयाँ कानून बनाउँदा यस नीतिको भावना अनुसारका व्यवस्था समावेश गर्दै लगिनेछ ।

### १३.२ नीतिगत सुधार एवं संशोधन

आयोगले आवश्यक ठानेमा यस नीतिलाई कार्यान्वयनमा आए पश्चात आवश्यकता अनुसार परिमार्जन र सुधार गरिनेछ ।

### १३.३ नीतिको कार्यान्वयन व्यवस्था

१) यो नीति कार्यान्वयनका लागि सबै पक्षसँग समन्वय र सामञ्जस्य गरी कार्ययोजनाहरू तर्जुमा गरिनेछ ।

२) नेपाल सरकारका अन्य निकायहरूसँग समेत समन्वय गरी ती निकायका नीति तथा कार्यक्रम तर्जुमा गर्दा यस नीतिसँग सामञ्जस्य हुनेगरी नीति तथा कार्यक्रमलाई अद्यावधिक बनाउन पहल गरिनेछ ।

## १४. अनुगमन तथा मूल्याङ्कनसम्वन्धी व्यवस्था

१४.१ आयोगको सचिवालय र मातहतका कार्यालयहरूले सम्पादन गर्ने हरेक क्रियाकलापहरूमा लैङ्गिक तथा समावेशी दृष्टिकोणले गरिएका प्रयासहरूको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारी आयोगको हुनेछ ।

१४.२ आयोगको सचिवालयका सबै शाखाले लैङ्गिक तथा समावेशी दृष्टिकोणले तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी लैङ्गिक तथा समावेशी एकाईलाई उपलव्ध गराउनु पर्नेछ ।

१४.३ लैंगिक तथा समावशी एकाईले प्रत्येक दुई महिनामा प्राप्त सबै तथ्याङ्कलाई एकीकृत गरी विश्लेषण गरेर तयार गरेको आवधिक प्रतिवेदन छलफलका लागि सचिवालय मार्फत आयोगको बैठकमा पेश गर्नेछ ।

१४.४ लैंगिक तथा समावशी एकाईले आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी लैङ्गिक तथा समावेशी समन्वय समिति समक्ष पेश गर्नेछ ।

१४.५ लैङ्गिक तथा समावेशी समन्वय समितिले सुझाव सहित पेश गरेको वार्षिक प्रतिवेदन आयोगको निर्णय अनुसार सार्वजनिक गरिनेछ ।

## १५. जोखिम

नीति कार्यान्वयनमा देहायबमोजिमका जोखिमहरू रहन सक्नेछन् :

१५.१ लैङ्गिक तथा समावेशीकरण नीति अनुकूल हुने गरी कानूनी सुधार प्रकृया प्रभावकारी रुपमा अघि नबढेमा नीति कार्यान्वयन असहज हुन सक्छ ।

१५.२ निर्वाचन प्रकृयामा राजनीतिक दलहरू बीच देखिने अस्वस्थ प्रतिस्पर्धात्मक व्यवहार र संस्कारले यस नीति कार्यान्वयनमा वेवास्ता हुन सक्छ ।

१५.३ नीति कार्यान्वयनका लागि आवश्यक पर्ने साधनस्रोत प्राप्त नभएमा नीतिले अंगीकार गरेको लक्ष्य हासिल नहुन सक्छ ।

# लैङ्गिक तथा समावेशी रणनीति

२०७१-२०७६

# विषयसूची


**१. परिचय** ........ १

**२. औचित्य र प्रयोजन** ........ १

**३. निर्देशक सिद्धान्तहरू** ........ २

**४. रणनीतिक उद्देश्यहरू** ........ ३

४.१ रणनीतिक उद्देश्य नं. १ : लैङ्गिक संवेदनशील एवम् समावेशी संस्थाका रूपमा निर्वाचन आयोग ........ ३

४.१.१ साङ्गठनिक नीति र कार्यक्रममा लैङ्गिकता तथा समावेशिताको मूलप्रवाहीकरण ........ ३

४.१.२ कर्मचारी र सरोकारवालाहरूको क्षमता विकास ........ ५

४.१.३ महिला र सामाजिक विभेदमा परेका समूहहरूको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने ........ ६

४.१.४ लैङ्गिक उत्तरदायी बजेट (Gender responsive budget) को कार्यान्वयन .. ८

४.१.५ अनुगमन र मूल्याङ्कनमा लैङ्गिक तथा समावेशी मूलप्रवाहीकरण ........ ८

४.२ रणनीतिक उद्देश्य नं. २ : निर्वाचन प्रक्रियाका सबै चरणहरूमा लैङ्गिक समानता र समावेशीकरण ........ ९

४.२.१ GI लक्षित समूहहरूको मतदाता शिक्षा र मतदान प्रक्रियामा बढ्दो पहुँच १०

४.२.२ राजनीतिक दलहरू र उम्मेदवारहरूसित सहकार्य ........ ११

४.२.३ सरोकारवालाहरूसँग सहकार्य ........ १३

४.२.४ सञ्चारमाध्यमसँग सहकार्य ........ १४

४.२.५ लैङ्गिक तथा समावेशी कानुनी संरचना ........ १५

४.२.६ राजनीतिक प्रक्रियाहरूमा लैङ्गिक तथा समावेशीसम्बन्धी अनुसन्धान ........ १६

**५. रणनीति कार्यान्वयन** ........ १६

**अनुसूची १ : कार्यप्रणाली** ........ १९

**अनुसूची २ : उदाहरणात्मक परिसूचकहरू** ........ २३

**अनुसूची ३ : निर्वाचन आयोगमा GI मूलप्रवाहीकरणका लागि कानुनी तथा नीतिगत रूपरेखा** ........ २४

## संक्षिप्त नाम

| | |
|---|---|
| BRIDGE | लोकतन्त्र, सुशासन र निर्वाचनका स्रोतहरूको निर्माण (Building Resources in Democracy, Governance and Elections) |
| GESI | लैङ्गिक समानता र सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion) |
| GI | लैङ्गिक तथा समावेशीकरण (Gender and Inclusion) |
| GFP | लैङ्गिक सम्पर्क बिन्दू (Gender Focal Point) |
| GICC | लैङ्गिकता तथा समावेशी समन्वय समिति (Gender and Inclusion Coordination Committee) |
| GRB | लैङ्गिक उत्तरदायी बजेट निर्माण (Gender Responsive Budgeting) |

## परिभाषाहरू

**लैङ्गिकता**ले पुरूष र महिलाको सामाजिक भिन्नता र पहिचानका साथै उनीहरूबीचको शक्ति सम्बन्धलाई समेत जनाउँछ । **लैङ्गिक** भूमिका घर, परिवार, समुदाय, र संस्कृति अनुसार भिन्न भिन्न र परिवर्तनशील हुन्छन् । नेपालको सन्दर्भमा यस्ता लैङ्गिक भूमिकाहरू अन्तरजातीय सामूहिक गतिशीलता लगायतका तत्वहरूका साथै परम्परागत अभ्यास र प्रथाहरूको कारण अस्तित्वमा आएका हुन् ।

**लैङ्गिक समानता र समावेशीकरण (GI)** भनेको त्यस्तो अवधारणा हो, जसले महिला र पुरूष तथा विभिन्न सामाजिक समूहहरूका बीचको असमान शक्ति सम्बन्धहरूलाई सम्बोधन गर्दछ । यसले असमान शक्ति सम्बन्धहरूलाई सन्तुलित गर्नमा जोड दिन्छ र सबै व्यक्तिहरूलाई उनीहरूको सामाजिक पहिचान, समान अधिकार, अवसर र सम्मान सुनिश्चित गर्दछ ।

**लैङ्गिक समानता र समावेशीकरण परीक्षण**ले निम्न कुराहरूको विश्लेषण गर्दछ :

(१) कुनै पनि संस्थाको आन्तरिक संरचना तथा कार्यक्रम तथा परियोजनाहरूमा कसरी महिला र सीमान्तकृत समूहहरूलाई एकीकरण/समावेश गरिएको छ;

(२) सङ्गठनभित्र लैङ्गिक समानता, महिला सशक्तीकरण, जातीय विविधता, सबै जातजातिको अर्थपूर्ण सहभागिता, अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण र कार्यस्थलमा उपयुक्त वातावरण जस्ता विषयहरूलाई प्रोत्साहित वा निरूत्साहित गरेको पहिचान गर्दछ;

(३) नीति, कार्यक्रम तथा संस्थागत संरचनाहरूमा **लैङ्गिक** मूलप्रवाहीकरण तथा **समावेशीकरण** प्रवर्द्धन गर्ने सुझाव दिन्छ

(४) **लैङ्गिक** मूलप्रवाहीकरण तथा **समावेशीकरण**बाट प्राप्त सिकाईलाई संगठनमा समाहित गर्दै लैजाने बाटो देखाउँछ ।

**मूलप्रवाहीकरण** यस्तो प्रक्रिया हो, जसमा महिला, गरीब तथा बहिष्करणमा परेका समुदायको अवरोध एवम् सवालहरूको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणालीहरू, कार्य वातावरण तथा संस्कृति, योजना

तथा कार्यक्रम र बजेट तर्जुमा, पहुँचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्याङ्कन एवं अनुसन्धान जस्ता कार्यमा सम्बोधन गरिन्छ, जसको फलस्वरूप बहिष्करणमा परेका समुदायहरू समान रूपमा लाभान्वित हुन्छन् र असमानता उत्पन्न हुदैंन ।

**लैङ्गिक उत्तरदायी बजेट (GRB)** भनेको योजना निर्माण, कार्यक्रम र बजेट तर्जुमाको यस्तो प्रक्रिया हो, जसले गर्दा लैङ्गिक समानता अभिवृद्धि गर्न र महिलाका अधिकारहरू परिपूर्ति गर्न मद्दत पुग्दछ । यसले क्षेत्रगत तथा स्थानीय सरकारका नीति, योजना र कार्यक्रमहरूमा रहेका लैङ्गिक अन्तरहरूलाई सम्बोधन गर्नका लागि आवश्यक पर्ने भूमिकाको पहिचान गर्ने अवस्था सिर्जना गर्दछ । GRB ले राजस्व सङ्कलन सम्बन्धी नीतिहरू तथा आन्तरिक स्रोत परिचालन तथा विकास कार्यबाट पर्ने लैङ्गिक-भिन्नतासम्बन्धी प्रभावलाई विश्लेषण गर्ने लक्ष्य समेत राख्दछ । GRB को माध्यमबाट **लैङ्गिक समानता प्रतिको** उत्तरदायित्वलाई बढावा दिनका लागि नीतिगत व्यवस्थाहरू तयार गर्ने, क्षमता विकास गर्ने र अनुगमन संयन्त्रहरूलाई मजबुत तुल्याउने प्रयत्न गरिन्छ ।

**समावेशीकरण**ले संस्थागत तथा संरचनागत अवरोधहरूलाई हटाउँदै निर्वाचन तथा राजनीतिक क्षेत्रका अवसरहरूमा महिला लगायत बहिष्करणमा परेका व्यक्ति एवम् समुदायहरूको पहुँच बढाउन गरिने कार्यहरू भन्ने बुझिन्छ । यसका लागि नीति, नियम तथा सामाजिक प्रचलनहरूमा परिवर्तन र बहिष्कृत समूहहरूप्रति जनताको दृष्टिकोणमा सकारात्मक परिवर्तन आउन जरूरी हुन्छ ।

## १. परिचय

नेपालको आर्थिक र सामाजिक क्षेत्रमा महिला, दलित, आदिबासी/जनजाति, मधेसी र अपाङ्गता भएका व्यक्तिहरूको न्यूनतम सहभागिताको अवस्थालाई हेर्न विभिन्न कोणबाट विश्लेषण गर्न सकिन्छ । न्यून साक्षरता, कमजोर शैक्षिक स्तर, विद्यमान पितृसत्तात्मक सामाजिक संरचना, गरिबी साथै स्रोत माथिको असमान पहुँच आदिले सहभागितालाई प्रभावित गरेको छ । यस्ता सीमान्तकृत समूहहरूको संरक्षण गर्न र राज्यबाट सञ्चालित गतिविधिहरूमा उनीहरूको सहभागिताको अवसर वृद्धि गर्नका लागि सरकारले विभिन्न कानुनी तथा नीतिगत व्यवस्थाहरू लागू गरेको छ ।

बृहत्तर समावेशी वातावरण सिर्जना गर्ने सरकारको उद्देश्य अनुरूप नै निर्वाचन आयोगले लैङ्गिक समानता र समावेशीकरण (GI) लाई निर्वाचनका प्रक्रियाहरूमा मूलप्रवाहीकरण गर्ने प्रयासहरू गरिरहेको छ । २०७० श्रावणमा आयोगले लैङ्गिक तथा समावेशीकरण नीति (यसपछि नीति भनिने)[1] स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । लोकतन्त्र, शासन व्यवस्था र निर्वाचनमा महिला, सामाजिक रूपमा बहिष्करणमा परेका समूह एवम् अपाङ्गता भएका व्यक्तिहरूको पहुँच बढाउनका लागि आवश्यक संरचना समेत निर्माण भईरहेका छन । तथापि उक्त नीतिको कार्यान्वयन गरी उद्देश्य प्राप्त गर्न अझै चुनौतीहरू विद्यमान रहेको अवस्थालाई अस्वीकार गर्न सकिँदैन ।

## २. औचित्य र प्रयोजन

नीतिमा उल्लेख भए बमोजिम लैङ्गिक समानता र समावेशीकरण सम्बन्धी कार्य गर्न निर्वाचन आयुक्त माननीय इला शर्माको संयोजकत्वमा लैङ्गिक तथा समावेशी समन्वय समिति (Gender and Inclusion Coordination Committee) र सो समितिलाई आवश्यक सहयोग गर्न सहसचिव (लैङ्गिक सम्पर्क विन्दु) को संयोजकत्वमा लैङ्गिक तथा समावेशी एकाई (Gender and Inclusion Unit - GI Unit) गठन गरी कार्य हुँदै आएको छ । आयोगको लैङ्गिक तथा समावेशीकरण

१ 'निर्वाचन आयोग' विकासोन्मुख देशहरूमध्ये लिखित लैङ्गिक तथा समावेशीकरण नीति भएका थोरै निर्वाचन व्यवस्थापन गर्ने निकायहरूमध्ये एक हो ।

नीतिको उद्देश्य प्राप्तिको लागि यो रणनीति तयार गरिएको हो । अनुसूची १ मा यो रणनीति तयार गर्ने क्रममा अवलम्बन गरिएको कार्यविधि प्रणाली प्रस्तुत गरिएको छ ।

## ३. निर्देशक सिद्धान्तहरू

यो रणनीतिले आयोगको लैङ्गिक तथा समावेशीकरण नीतिमा उल्लेख भए अनुरूप समावेशीकरण र मानवअधिकारलाई प्रवर्द्धन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूबाट हुने मार्गदर्शनको साथसाथै निम्न मान्यताहरूलाई समेत आत्मसात् गरेको छ :–

(क) आयोगले सबै तहबाट हुने गतिबिधिमा लैङ्गिक मूलप्रवाहीकरण तथा समावेशीकरणका लागि दीर्घकालीन प्रतिबद्धता जनाउने छ ।

(ख) लैङ्गिक तथा समावेशी नीतिको सफल कार्यान्वयन गरी उद्देश्य प्राप्त गर्न आयोगका पदाधिकारी तथा सबै कर्मचारीमा लैङ्गिकता तथा समावेशीकरण सम्बन्धी सैद्धान्तिक र व्यवहारिक पक्षहरूको बारेमा जानकारी गराइने छ ।

(ग) लक्षित समूहहरूलाई आयोगका कार्यक्रम र गतिबिधिहरूबाट लाभान्वित हुने पक्षका रूपमा मात्र हेरिनु भन्दा पनि त्यस्ता कार्यक्रम र गतिबिधिहरू निर्माण गर्ने निर्णायक प्रक्रियाहरूमा पनि सक्रियतापूर्वक सहभागी गराइने छ । महिला र सीमान्तकृत समूहहरूलाई निष्क्रिय लाभान्वित वर्गको सट्टा सक्रिय सहभागी गराई उनीहरूको सशक्तीकरण गराइनेछ । आयोग भित्र लैङ्गिक समानता तथा समावेशिताको प्रवर्द्धनको निम्ति थप कार्य गर्नुका साथै सरोकारावालासँगको अन्तर्क्रिया र छलफलबाट समेत लैङ्गिक तथा समावेशिताको अवधारणालाई अघि बढाइनेछ ।

(घ) निर्वाचन व्यवस्थापन र राजनीतिक सहभागिताको सम्बन्धमा GI छुट्टै विषय नभई आर्थिक स्रोत, शिक्षा जस्ता सेवा तथा सुविधामा सीमित पहुँच जस्ता विभेदको कारणबाट सिर्जना भएको विषय भएकोल विद्यमान सरकारी तथा दातृ निकायका कार्यक्रमहरूसँग समन्वय गर्दा यस्ता अन्तरसम्बन्धलाई बुझ्न/बुझाउन आवश्यक हुने भएकोले यस पक्षलाई ध्यान दिइनेछ ।

(ङ) आयोगले कार्यक्रम, कार्यविधि तथा रणनीतिहरू तर्जुमा गर्दा, लक्षित समूह

र सामाजिक-साँस्कृतिक विविधता अनुरूप लैङ्गिकताको विश्लेषण गर्दै सूचना र सेवामा पहुँच एवम् सहभागिता र नेतृत्वलाई लैङ्गिक एवम् सामाजिक भिन्नता अनुरूप पर्ने प्रभावलाई ध्यानमा राखी तर्जुमा गरिने छ।

(च) सम्बन्धित सबै सरोकारवालाहरूसितको सहकार्यबाट रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने/गराइने छ ।

(छ) यो नीति तथा रणनीतिहरूको कार्यान्वयन गर्ने अन्तिम जिम्मेवारी निर्वाचन आयोगमा हुनेछ ।

## ४. रणनीतिक उद्देश्यहरू

नीतिमा उल्लेख भए बमोजिम निर्वाचन आयोगका समस्त क्रियाकलापहरू मुख्यतः लैङ्गिक मूलप्रवाहीकरण तथा समावेशीकरण सम्बद्ध दुई उद्देश्यहरू प्राप्तिमा केन्द्रित रहनेछ। पहिलो, निर्वाचन आयोग आफै लैङ्गिक संवेदनशील समावेशी संस्थाका रूपमा स्थापित हुने र दोस्रो सरोकारवालाहरूसँग गर्ने व्यवहार तथा कार्यहरूले लैङ्गिक संवेदनशील तथा समावेशीकरणका सवालहरूलाई सम्बोधन गरेको देखिनु आवश्यक हुन्छ। आगामी पाँच वर्ष भित्र (वि.सं. २०७१ सालदेखि २०७६ सालसम्म) नीतिको परिधि भित्र रही आयोगले देहायको रणनीतिक उद्देश्यहरू पूरा गर्न सञ्चालन गर्नुपर्ने क्रियाकलापहरू निम्न बमोजिम रहेका छन् ।

### ४.१ रणनीतिक उद्देश्य नं. १ : लैङ्गिक संवेदनशील एवम् समावेशी संस्थाका रूपमा निर्वाचन आयोग

लैङ्गिक तथा समावेशी मैत्री संगठनले लैङ्गिक समानता र समावेशीकरणलाई संस्थाको अभिन्न उद्देश्यका रूपमा कार्यान्वयन गर्ने संस्कृतिको विकास गर्दछ। निर्वाचन आयोगले उक्त रणनीतिक उद्देश्य पूरा गर्न निम्न रणनीतिको प्रयोग गर्ने छ :

#### ४.१.१ साङ्गठनिक नीति र कार्यक्रममा लैङ्गिकता तथा समावेशिताको मूलप्रवाहीकरण

*लैङ्गिक र समावेशी दृष्टिले अनुकुल हुने गरी कार्यस्थल तथा कार्य वातावरण निर्माण गरिनेछ ।*

लैङ्गिक तथा समावेशीकरण नीति, २०७० दफा १०.२६

आयोगले विभेदरहित लैङ्गिक तथा समावेशी कार्य वातावरणको सुनिश्चित गर्नुका साथै बिभेद भएमा त्यसलाई प्रभावकारी रूपले सम्बोधन गर्ने संयन्त्रको स्थापना तथा व्यक्तिगत एवम् पेशागत क्षमता विकासका अवसरहरू प्रदान गर्नेछ। यसका लागि आयोगले निम्न अनुसारका कार्यक्रमहरू सञ्चालन गर्नेछ :

(क) विभेदरहीत कार्य वातावरणका लागि कर्मचारी आचारसंहिता निर्माण गर्ने । यस्तो आचारसंहितामा कार्यस्थलमा हुने यौन दुर्व्यवहार, ठट्टा, जिस्क्याउने र अपमानित गर्ने अथवा होच्याउने शब्दहरूको प्रयोग गरिएमा कडा किसिमको कारबाहीको व्यवस्था हुनेछ। उक्त आचारसंहिताले महिला, अपाङ्गता भएका व्यक्तिहरू र अन्य सीमान्तकृत समूहहरू लगायत सबैलाई समान व्यवहार तथा सबै तहका कर्मचारीको विचारको सम्मान गर्नुका साथै कर्मचारीको लिङ्ग, उमेर, अपाङ्गता, जातीयता/जात अथवा धर्म जे भए पनि सबै कर्मचारीका लागि समान अवसर प्रदान गर्नेछ ।

(ख) GI सिद्धान्तहरूको ज्ञान र तिनले गर्ने व्यवहार समेतलाई कर्मचारीहरूको कार्य-सम्पादन मूल्याङ्कनको महत्वपूर्ण सूचकको रूपमा समावेश गरिनेछ।

(ग) सबै जिल्ला निर्वाचन कार्यालयहरूको भवन निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरू र ज्येष्ठ नागरिकहरूका लागि पहुँचयुक्त भौतिक संरचना निर्माण गरिनेछ । कार्यालय भवनमा पुरूष तथा महिला दुवैको निम्ति अलग-अलग शौचालयको व्यवस्था हुनु पर्नेछ ।

(घ) महिला कर्मचारीहरूका लागि आवश्यक कार्य निर्देशन (Working Guidelines) तथा परामर्शको व्यवस्था गरिनेछ । वरिष्ठ अधिकारीले सहायक कर्मचारीलाई निर्देशन तथा परामर्श प्रदान गर्नुका साथै वृत्तिविकास तथा अन्य समसामयिक सवालहरूमा उचित सल्लाह प्रदान गर्नेछन् ।

### ४.१.२ कर्मचारी र सरोकारवालाहरूको क्षमता विकास

> *आयोग तथा यस अन्तर्गतका कार्यलयहरूमा कार्यरत कर्मचारीहरूको क्षमता विकासमा जोड दिई लैङ्गिक र समावेशी दृष्टिकोणले विश्लेषण गर्न सक्षम बनाइनेछ ।*
>
> लैङ्गिक तथा समावेशीकरण नीति, २०७० दफा १०.२५

लैङ्गिक तथा समावेशीकरणको सान्दर्भिकतासँग राम्ररी परिचित भएका कर्मचारीले मात्र आफूले गर्ने कामको प्राविधिक पक्षमा तथा सहकर्मीहरूसँगको अन्तरक्रियामा लैङ्गिक तथा समावेशीकरण नीति र रणनीतिलाई कुशलतापूर्वक एवम् प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सक्षम हुनेछन् । तसर्थ निम्न बमोजिमका क्रियाकलापहरूले आयोगका कर्मचारीको लैङ्गिक तथा समावेशीकरणका सवालमा क्षमता अभिवृद्धि गर्न मदत पुऱ्याउनेछन् :

(क) कर्मचारी (आयोग तथा जिल्ला निर्वाचन कार्यालयहरूमा कार्यरत) लाई क्षमता अभिविद्धिका विभिन्न कार्यक्रमहरूमा सहभागी गराउने । जस्तै: (१) लैङ्गिक र निर्वाचन पहुँच (Gender and Electoral Access) सम्बन्धी BRIDGE तालिम, (२) Gender & Social Inclusion सम्बन्धी अभिमुखीकरण, (३) लैङ्गिक तथा समावेशी परीक्षण, (४) लैङ्गिक उत्तरदायी बजेट तर्जुमा आदि । यस्ता कार्यक्रमबाट कर्मचारीहरूले लैङ्गिकता र समावेशीकरणको अन्तरसम्बन्धलाई राम्ररी बुझ्न सक्दछन् ।

(ख) मौजुदा नीतिको कार्यान्वयन, अनुगमन र प्रतिवेदन तयारी सम्बन्धमा एकाईका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । यसबाट लैङ्गिकता तथा समावेशीकरणका सवालमा एकाईका सदस्यहरूको क्षमता वृद्धि हुनेछ र उनीहरू दक्ष प्रशिक्षक बन्न सक्दछन् ।

(ग) तालिमहरूमा लैङ्गिक रूपमा (प्रशिक्षक तथा प्रशिक्षार्थीहरू) को समान सहभागिता सुनिश्चित गर्न आयोग तथा अन्तर्गतका कार्यालयमा उपलब्ध भएसम्म कार्यरत महिला कर्मचारीहरू न्यूनतम ५० प्रतिशत सहभागी गराइनेछ । आयोगले सञ्चालन गर्ने सबै प्रशिक्षणका विषयहरूमा लैङ्गिक तथा समावेशीकरणका विषयलाई अन्तरसम्बन्धित विषयका रूपमा समावेश

गरिनेछ ।

(घ) वैदेशिक अध्ययन/अवलोकन भ्रमण वा अनुभव आदान प्रदानका लागि सहभागी छनोट गर्न आयोगमा आन्तरिक नीति निर्माण गरी कार्यान्वयन गरिनेछ । अध्ययन/अवलोकन भ्रमणमा महिला, पिछडिएका समूहहरू र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ । माथिल्ला पदहरूमा महिलाहरू नहुँदाको अवस्थामा तल्लो पदमा कार्यरत महिलाहरूलाई समेटिने छ । यस्ता अवसरहरूले महिला कर्मचारीहरूलाई निर्वाचन आयोगमा काम गर्न प्रोत्साहित गर्न सक्नेछ । साथै महिलाहरूको क्षमता अभिवृद्धि भई उच्च तहका पदमा पुग्न प्रेरणा र सोबाट निर्णायक पदहरूमा पुग्न सहज हुने अवस्था सिर्जना हुन सक्दछ ।

(ङ) कर्मचारीहरूका लागि सञ्चालन गरिने आन्तरिक क्षमता विकास तालिममा समान सहभागिता सुनिश्चित गरिनेछ। लैङ्गिक मूलप्रवाहीकरण तथा समावेशी सम्बन्धी तालीमका विषयहरू आन्तरिक योजना र कार्यक्रममा समावेश गरिनेछ । यस किसिमको तालिमलाई संस्थागत गरिएको अवस्थामा आगामी दिनमा यस प्रकारको तालीम विकास सहयोगी निकायको सहयोगमा.सञ्चालन हुने प्रचलन क्रमशः कम हदैं आयोगको नियमित क्रियाकलापको रूपमा कार्यान्वयन गर्न सकिनेछ ।

(च) आयोगका अतिरिक्त नेपाल सरकारका अन्य निकाय तथा नागरिक समाजबाट छनौट गरी निर्वाचन प्रक्रियामा लैङ्गिक तथा समावेशीकरण सम्बन्धी श्रोत व्यक्तिहरू तयार गरिनेछ । ती श्रोतव्यक्तिहरूले आयोगका जिल्लास्तरका कर्मचारीका साथै अन्य सम्बन्धित सरोकारवालाहरूलाई निर्वाचन चक्रका प्रत्येक चरणमा प्रशिक्षण दिनुका साथसाथै आवश्यक परेको अवस्थामा प्रशिक्षक प्रशिक्षण (ToT) तालिम सञ्चालन गर्नका लागि समेत उपयोग गर्न सकिनेछ । प्रशिक्षक छनौट गर्दा महिला, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समूहहरूका लागि प्राथमिकता दिइनेछ ।

### ४.१.३ महिला र सामाजिक विभेदमा परेका समूहहरूको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने

*आयोग तथा अन्तर्गतका निकायहरूमा कर्मचारीहरू नियुक्ति, पदस्थापना तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दा लैङ्गिक सन्तुलन र समावेशीकरणलाई आधारका रूपमा लिइनेछ ।*

लैङ्गिक तथा समावेशीकरण नीति, २०७० दफा १०.२४

आयोगमा हाल १४७ जना स्थायी कर्मचारीहरू छन्, जसमध्ये १०.१३% महिला छन् । कुल कर्मचारीहरूमध्ये दलित १% भन्दा कम छन् र जनजाति लगभग ५% छन् भने अपाङ्गता भएका कर्मचारी छैनन् । जिल्ला तहमा कार्यरत ५ सय ६५ स्थायी कर्मचारीमध्ये करिव ६% मात्र महिला कर्मचारी छन् । आयोगको निर्णायक तहमा ११ मध्ये २ शाखाका शाखा प्रमुखहरू महिला रहेका छन्; र कम्तिमा दुई जनाले जनजाती समूहको प्रतिनिधित्व गर्दछन् । यसबाहेक, चार जना सहसचिवहरूमध्ये एक जना र पाँच जना निर्वाचन आयुक्तहरूमध्ये एक जना महिला छन् । निम्न बमोजिमका गतिबिधिहरू गरी आयोगले आफ्ना कर्मचारीहरूमा विविधता बढाउनेछ :

(क) लिङ्ग (तेस्रो लिङ्गी समेत), जात/जाति र अपाङ्गताका आधारमा कर्मचारीहरूको सूची तयार पार्ने र त्यसलाई नियमित रूपमा अद्यावधिक गरिनेछ ।

(ख) करारमा नियुक्त गरिने अस्थायी परामर्शदाताहरूमध्ये ५०% महिला हुने प्रावधानको व्यवस्था गरिनेछ ।

(ग) निर्वाचन आयुक्त मनोनित गर्दा ३३% महिला सहभागिता गर्न संवैधानिक परिषद् समक्ष अनुरोध गरिनेछ ।

(घ) निजामति सेवा, संघ/संस्थान, समिति, नागरिक समाज तथा विद्यालयमा कार्यरत शिक्षकहरुलाई समावेश गरी महिला मतदान कर्मचारीहरूको संलग्नतालाई विस्तार गरिनेछ ।

(ङ) सामान्य प्रशासन मन्त्रालयसँग निश्चित प्रतिशत महिला, अपाङ्गता भएका तथा पिछडिएको वर्गका कर्मचारीहरूलाई आयोग वा अन्तर्गत पदस्थापन गर्न अनुरोध गरिनेछ ।

### ४.१.४ लैङ्गिक उत्तरदायी बजेट (Gender responsive budget) को कार्यान्वयन

सरकारी स्तरमा लैङ्गिक उत्तरदायी बजेटसम्बन्धी क्रियाकलापहरूको कार्यान्वयन तथा अनुगमन गर्ने सरकारको प्रमुख निकाय अर्थमन्त्रालय हो । बजेट तर्जुमा गर्दा सबै मन्त्रालयहरूले लैङ्गिक उत्तरदायी बजेटका सिद्धान्तहरूलाई लागू गर्नुपर्ने नियमको व्यवस्था भए बमोजिम नै आयोगले पनि बजेट तर्जुमा गर्नेछ । निर्वाचन प्रक्रियामा महिला तथा सीमान्तकृत समूहको सहभागिता प्रवर्द्धन गर्न आयोगले तर्जुमा गर्ने बजेटमा लैङ्गिक समानता र समावेशिता सम्बन्धी विषयलाई प्राथमिकता दिनेछ ।

(क) लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन गर्नका लागि अर्थमन्त्रालयसँग समन्वय गरी लैङ्गिक तथा समावेशी बजेट तर्जुमा तथा सोसँग सम्बन्धित अन्य कार्यहरू गरिनेछ । बजेट तर्जुमा, कार्यान्वयन तथा अनुगमनका लागि सम्बन्धित शाखाका कर्मचारी तथा लैङ्गिक एवं समावेशी एकाईका सदस्यहरूलाई तालिम प्रदान गरिनेछ। लैङ्गिक एकाईको क्षमता अभिवृद्धि गरी सूचना आदान प्रदानका लागि अन्य सरकारी तहमा रहेका लैङ्गिक तथा समावेशीसम्बन्धी कार्य समूहमा सहभागी गराइनेछ ।

### ४.१.५ अनुगमन र मूल्याङ्कनमा लैङ्गिक तथा समावेशी मूलप्रवाहीकरण

*आयोगको सचिवालय र मातहतका कार्यालयहरूले सम्पादन गर्ने हरेक क्रियाकलापहरूमा लैङ्गिक तथा समावेशी दृष्टिकोणले गरिएका प्रयासहरूको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारी आयोगको हुनेछ ।*

लैङ्गिक तथा समावेशीकरण नीति, २०७० दफा १४.१

आयोगका नीति र रणनीति कार्यान्वयन भए/नभएको अनुगमनका निम्ति लैङ्गिक तथा समावेशी उत्तरदायी अनुगमन तथा मूल्याङ्कन संयन्त्र आवश्यक हुन्छ । संरचना/नीति/रणनीति लगायतका प्रारूप निर्माण र क्रियाकलाप कार्यान्वयनका बिचमा अन्तर हुनुको मूल कारण न्यूनस्तरको प्रतिबद्धता र जानकारीको कमी हुनु हो । यसका लागि  लैङ्गिक तथा समावेशी एकाईले अनुगमन तथा मूल्याङ्कन गर्नेछ । एकाईले आयोगले सूचना संप्रेषणका विद्यमान संरचनाको उपयोग गर्नुका

साथै निम्न अनुसारका अथवा यस्तै किसिमका क्रियाकलापहरूको कार्यान्वयन गर्नेछ :

(क) नीतिको कार्यान्वयनका लागि वार्षिक कार्ययोजना तयार गरिनेछ ।[२]

(ख) नीति कार्यान्वयन गर्नका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ ।

(ग) आयोगको अनुगमन प्रणालीलाई लैङ्गिक तथा समावेशीताको दृष्टिकोणबाट निम्न अनुसारका मार्गदर्शनहरूलाई ध्यानमा राख्दै समावेशी बनाइने छ । (१) खण्डिकृत तथ्यांक तयार गरिनेछ (२) नागरिक समाजका सङ्गठनहरू र सम्बद्ध सरोकारवालाहरूसँगको सहकार्यमा गुणात्मक तथ्याङ्क सङ्कलन गरिनेछ; (३) लैङ्गिक तथा समावेशिताका परिसूचकहरूको प्रयोग गरिनेछ र (४) प्राप्त खण्डीकृत तथ्याङ्कको आधारमा लैङ्गिक तथा समावेशिताको कार्यान्वयनको मापदण्ड भित्र नपरेका कार्यक्रमहरूलाई लैङ्गिक तथा समावेशी मैत्री बनाइनेछ ।

(घ) जिल्ला र केन्द्रीय कार्यालयका कर्मचारीहरूबीच लैङ्गिक तथा समावेशितासम्बन्धी नियमित छलफल र समस्याहरू सम्बन्धी सूचना आदानप्रदानको संयन्त्र तयार गरिनेछ ।

(ङ) आयोग र यस अन्तर्गतका शाखा तथा कार्यालयहरूबीच कार्यक्रम कार्यान्वयन र अनुगमन गर्दा समन्वय गरिनेछ ।

(च) वार्षिक रूपमा लैङ्गिक तथा समावेशी परीक्षण सञ्चालन गरिनेछ ।

## ४.२ रणनीतिक उद्देश्य नं. २ : निर्वाचन प्रक्रियाका सबै चरणहरूमा लैङ्गिक समानता र समावेशीकरण

आयोगले आफ्ना कार्यक्रमहरूमा GI को मूलप्रवाहीकरण गर्ने छ। सर्वसाधारणलाई सेवा प्रदान गर्ने प्रावधान र सम्बन्धित सरोकारवालाहरूसितको सहकार्यसँग रणनीतिक उद्देश्य सम्बन्धित रहनेछ ।

---

२ सन् २०१४-२०१५ को आर्थिक वर्षको कार्ययोजना अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

### ४.२.१ GI लक्षित समूहहरूको मतदाता शिक्षा र मतदान प्रक्रियामा बढ्दो पहुँच

> *महिला तथा तस्रो लिङ्गी र अन्य अल्पसङ्ख्यक नागरिकहरूलाई निर्वाचनमा सहभागी हुन र उम्मेदवार बन्न प्रोत्साहन गरिनेछ ।*
>
> लैङ्गिक तथा समावेशीकरण नीति, २०७० दफा १०.९

आगामी दिनमा मतदाता शिक्षा र मतदान प्रक्रियामा पहुँच बढाउनका लागि आयोगले निम्न बमोजिमका क्रियाकलापहरूमा ध्यान दिइनेछ :

(क) महिला, सामाजिक तथा आर्थिक रूपमा सीमान्तकृत समूह/वर्ग र अपाङ्गता भएका मतदाताहरूको सक्रिय सहभागितालाई प्रोत्साहन गर्न मतदाता नामावलीमा नामदर्ता गराउन यी समूहहरूसँगकै सहकार्य र समन्वयमा नामावली दर्ता कार्यक्रम तयार गरिनेछ । यस्ता कार्यक्रम तयार गर्दा विभिन्न जिल्लामा विद्यमान वातावरणीय तथा सामाजिक अन्तरभिन्नता तथा सम्बन्धको विविधतालाई सम्बोधन गर्ने रणनीति तयार गरिनेछ ।

(ख) मतदाता र उम्मेदवारका रूपमा निर्वाचन प्रक्रियामा सहभागी हुन महिला, तेस्रो लिङ्गी, युवा र अन्य सीमान्तकृत समूहहरूको सहभागितालाई प्रोत्साहन गर्न जनचेतना तथा जागरण अभियानहरू सञ्चालन गरिनेछ । यस्ता अभियानहरूमा मतदातालाई कसरी प्राथमिकतामा पार्ने र उनीहरूलाई आफ्नो मताधिकारको महत्वका सम्बन्धमा सचेत बनाइनेछ । यसका लागि मतदाता शिक्षाका सामग्रीहरू लक्षित समूहहरूका भाषामा उपलब्ध गराइनेछ ।

(ग) समाजको बदलिँदो प्रवृत्ति र व्यवहारलाई मतदाता शिक्षा कार्यक्रमहरूमा सम्बोधन गरिनेछ ।

(घ) सबै मतदाता र नागरिक शिक्षाका सामग्रीहरू लैङ्गिक तथा समावेशी मैत्री बनाउन भएका प्रयासहरूलाई सुदृढ गर्दै निरन्तरता दिइनेछ ।

(ङ) आयोगमा हुने अथवा आयोगद्वारा आयोजना गरिने तालिम, अन्तरक्रिया र संवाद कार्यक्रमहरूमा महिला तथा अन्य सीमान्तकृत समूहहरूको राजनीतिक सहभागिता वृद्धि तथा पहुँच सम्बन्धी सवालहरूलाई समावेश गरिनेछ । अतिथि वक्ताका रूपमा निर्वाचन आयुक्त, महिला न्यायाधीशहरू, सहसचिवहरू,

मन्त्रीहरू र महिला सभासदहरू जस्ता उच्च पदस्थ महिलाहरूका साथै उक्त समूहका प्रतिनिधिहरूलाई प्रोत्साहन गरिनेछ ।

(च) अन्य निकायहरूले सञ्चालन गर्ने सामुदायिक स्तरका सामाजिक परिचालन तथा जनचेतना सम्बन्धी कार्यक्रमहरूमा मतदाता शिक्षा कार्यक्रमहरूलाई मूलप्रवाहीकरण गरिनेछ ।

(छ) सम्पन्न निर्वाचनहरूमा सङ्कलित तथ्याङ्कहरूका आधारमा समस्या विश्लेषण गर्दै ग्रामीण भेगका अपाङ्गता भएका व्यक्ति, बञ्चित समूहहरूका महिला आदिको मतदान केन्द्रहरूमा भौतिक पहुँच बढाउने सम्बन्धमा कार्ययोजना निर्माण गरिनेछ । उक्त कार्ययोजना अन्तर्गतका क्रियाकलापहरूमा घुम्ती मतदान, अग्रिम-मतदान जस्ता वैकल्पिक मतदानका प्रक्रिया सम्बन्धी प्रावधानहरूलाई समेट्ने प्रयास गरिनेछ ।

(ज) सबै निर्वाचनहरूलाई लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट पर्यवेक्षण गरिनेछ । यसको अर्थ केबल सकारात्मक प्रतिफलहरूलाई हेर्ने मात्र नभई (जस्तैः महिलाहरूको सहभागिता वृद्धि गर्नु पर्ने अवस्था) निर्वाचन व्यवस्थापन (पर्यवेक्षकमा समेत) र मतदाताहरू दुवैका लागि लैङ्गिक तथा समावेशीता संवेदनशील विभेदलाई ध्यानमा राखिनेछ । निर्वाचन हिंसा, पहुँचको अभाव र निर्वाचन व्यवस्थापनमा न्यून प्रतिनिधित्व जस्ता खास गरी ती समूहका लागि सान्दर्भिक सवालहरूलाई ध्यानमा राखिनेछ ।

(झ) निर्वाचन पश्चात् सबल र दुर्बल पक्षहरू केलाउन एवम् भावी निर्वाचनका लागि उत्तम अभ्यासहरूलाई निरन्तरता दिन सिकिएका पाठका आधारमा सुधार गर्न हरेक निर्वाचनपछि लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट मतदान कर्मचारीहरूको लेखाजोखा एवं विश्लेषण गरिनेछ ।

### ४.२.२ राजनीतिक दलहरू र उम्मेदवारहरूसित सहकार्य

*राजनैतिक दल दर्ता गर्दा पेश हुने विधानमा वा साविक राजनीतिक दलहरूको विधानमा समावेशी व्यवस्था थप गर्न आयोगले आवश्यक निर्देशन दिन सक्नेछ ।*

लैङ्गिक तथा समावेशीकरण नीति, २०७० दफा १०.१५

लैङ्गिक तथा समावेशी मूलप्रवाहीकरण सम्बन्धी आयोगको अवधारणामा राजनीतिक दलहरू र उम्मेदवारहरूलाई समेट्नु अत्यन्त जरूरी छ । उक्त प्रक्रियाले ती पक्षहरूलाई GI सम्बन्धी सवालहरूको संवेदनशीलताप्रति सचेत तुल्याउनुका साथै महिलाहरू र वञ्चित समूहहरूलाई सशक्त बन्ने मौका समेत प्रदान गर्दछ । यस प्रक्रियामा निम्न बमोजिमका क्रियाकलापहरू उपयोगी ठहरिन सक्दछन् :

(क) राजनीतिक दल सम्बद्ध महिला, वञ्चित समूह एवं अपाङ्गता भएका उम्मेदवार र सम्भावित उम्मेदवारहरूलाई वक्तृत्व सीप विकास गर्ने, जनमत तयार गर्ने, आमसञ्चारको उपयोग गर्ने, लैङ्गिक संवेदनशील अभियान सञ्चालन गर्न र अर्थ सङ्कलन सम्बन्धी तालिम दिएर समान सहभागिताका अवसरहरू उपलब्ध गराउने ।

(ख) लैङ्गिक तथा समावेशी लक्षित समूहहरूका लागि उम्मेदवारी दर्ता शुल्क मिनाहा गर्ने वा घटाउने ।

(ग) निर्वाचनमा सहभागी हुन दर्ता भएका राजनीतिक दलका आधिकारिक पदाधिकारीहरूलाई लैङ्गिक समानता र समावेशीकरणको महत्वको सम्बन्धमा प्रशिक्षण कार्यक्रमहरू प्रदान गरिनेछ । यस्तो कार्यक्रममा महिला र सीमान्तकृत समुदायका प्रतिनिधिहरूलाई निर्वाचन अभियानमा बढी सहयोग आवश्यक पर्ने र उम्मेदवारका विरूद्ध हुने दुर्व्यवहार, चरित्र हत्या तथा विभेद जस्ता विषयको निराकरणको लागि विशेष प्रशिक्षण सञ्चालन गरिनेछ ।

(घ) महिला सभासदहरू सम्मिलित अनौपचारिक कार्यदल बनाई राजनीतिक क्षेत्रमा महिलाको सहभागिता रहेका चुनौतीका विषयमा विचार विमर्श, छलफल तथा विश्लेषण गरिनेछ । उक्त कार्यदलमा समिति तथा एकाईका सदस्यहरूको सहभागिता गराइनेछ । साथै आयोगसँग सहकार्य गर्दै आइरहेका सहयोगी संस्थाहरूका प्रतिनिधिहरूलाई सहभागी गराइनेछ ।

(ङ) पारिवारिक तथा सामुदायिक अवरोध एवं आर्थिक स्रोतमा न्यूनतम पहुँचका कारणले गर्दा महिलाहरूको व्यक्तिगत, पेशागत एवं व्यावसायिक सीपहरूको विकास हुन नसकी राजनीतिक नेतृत्व लिन नसकेको सन्दर्भमा उनीहरूलाई सक्षम बनाई स्थानीय तहका साथै सोभन्दा माथि पनि प्रतिनिधित्व गराउन

स्थानीय स्तरका महिला नेतृहरूका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

### ४.२.३ सरोकारवालाहरूसँग सहकार्य

मतदाता शिक्षा र राजनीतिक क्षेत्रमा काम गर्ने नागरिक समाजका सङ्गठनहरू सहकार्यका निम्ति महत्वपूर्ण साझेदार हुन् । महिला, सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति र युवाहरूसम्म पुग्ने अनुभव उनीहरूसँग हुन्छ । न्यून पहुँच भएका यी समुदायहरूसम्म कसरी पुग्ने र प्रोत्साहित गर्ने भन्ने रणनीति उनीहरूले विकास गरेका हुन्छन् । यसबाहेक नेपाल सरकारद्वारा सञ्चालित शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा पहिलेदेखि नै रहेका क्षमता विकास कार्यक्रमहरू मार्फत नागरिक तथा मतदाता शिक्षाका लागि व्यक्तिहरूलाई प्रशिक्षित गर्ने कार्य गर्न सकिनेछ । आयोगले सरोकारवालाहरूसँग सहकार्य गर्न निम्न बमोजिमका कार्यहरू गर्न सक्नेछः

(क) मतदाता नामावली दर्ताका विषयमा छलफल गर्नका लागि नागरिक समाज तथा अन्य सरोकारवाला सम्मिलित कार्यदल निर्माण गर्नेछ ।

(ख) सामाजिक संघसंस्था, माध्यमिक विद्यालयका सामाजिक शिक्षा विषयक शिक्षकहरू, निर्वाचन शिक्षा कार्यकर्ताहरू (निशिका) र ७५ जिल्ला तथा केन्द्रिय स्तरमा मतदाता शिक्षा प्रदान गर्ने अन्य सम्बन्धित सरोकारवालाहरूको एउटा स्थायी संरचना निर्माण गरिनेछ । महिला, मुस्लिम, अपाङ्गता भएका व्यक्ति र अन्य सीमान्तकृत समुदायहरू जस्ता न्यून सुविधाप्राप्त जनतासम्म पुग्नका लागि यो साझा सञ्जाल अझ बढी उपयोगी हुनेछ । यस्तो सञ्जालको विज्ञता र सम्पर्कको मद्दतबाट आयोगलाई त्यस्ता समुदायसँग पुग्न अझ सरल हुनेछ ।

(ग) जिल्ला स्तरमा सञ्चालित सरकारका क्षमता विकास कार्यक्रमहरू (किशोरी-युवा विकास कार्यक्रम), बालक्लबहरू, महिला समूह र सहकारी संस्थाहरू, शिक्षक तालिम कार्यक्रमहरूसँग सहकार्य गरी मतदाता शिक्षा प्रदान गर्न सकिनेछ ।

(घ) हाल सक्रिय रहेका अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्था, एकाई

र प्रशिक्षण संस्थाहरूसित सहकार्य गरिनेछ ।

### ४.२.४ सञ्चारमाध्यमसँग सहकार्य

निर्वाचनका सबै चरणहरूमा सञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहन्छ। सञ्चार माध्यमले राजनीतिक दल, उम्मेदवार, निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा जनताका धारणालाई प्रभावित पार्दछ। निर्वाचन प्रणालीमा लैङ्गिक तथा समावेशीताका सिद्धान्तहरूको परिपालना प्रति आयोगको प्रतिबद्धताका विषयमा सञ्चारमाध्यमहरू जानकार हुनु आवश्यक छ, जसबाट सही सन्देश प्रवाह गर्न सहज हुन सक्दछ। आयोगले यस सन्दर्भमा निम्न कार्यहरू गर्न सक्नेछ :-

(क) निर्वाचन आयोगले लैङ्गिक तथा समावेशी नीति बमोजिम कार्य गर्ने सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता पुनरावलोकन गरिनेछ । सञ्चारमाध्यमहरू आचार संहितालाई आत्मसात गरी सञ्चालित हुनेछन् । सञ्चारमाध्यमले महिला, सामाजिक रूपमा सीमान्तकृत र अपाङ्गता भएका उम्मेदवारहरू तथा पुरूष उम्मेदवारका हकमा समान सूचना तथा समाचार सम्प्रेषण/प्रसारण गर्नुपर्ने छ। सबै उम्मेदवारहरूलाई समान रूपमा आफ्ना चुनावी प्रचारका सन्देशहरू प्रसारण/प्रस्तुत गर्ने अवसर दिनु पर्नेछ । लैङ्गिकतामा आधारित हिंसा एवम् विभेदकारी प्रथा प्रचलन जस्ता विषयलाई निर्वाचनका महत्वपूर्ण मुद्दाका रूपमा पहिचान गर्नुपर्ने लगायतका कुराहरू आचारसंहितामा समेटिने छ ।

(ख) निर्वाचन प्रक्रियाहरूमा महिला र सीमान्तकृत समूहहरूका सफलताका विषयहरू सम्बन्धी समाचार प्रसारण गर्न सञ्चारमाध्यमलाई प्रोत्साहित गरिनेछ ।

(ग) चरित्र हत्या सम्बन्धी कानुनी प्रावधानका विषयलाई सञ्चारमाध्यमबाट सार्वजनिक गर्ने र यसलाई नागरिक शिक्षा अभियानको हिस्सा बनाइनेछ ।

(घ) लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट सञ्चारमाध्यमको अनुगमनका लागि सामाजिक संघसंस्थाहरूसँग सहकार्य गरिनेछ ।

(ङ) निर्वाचन प्रक्रियाका सम्बन्धमा महिला सञ्चारकर्मीहरूलाई तालिम प्रदान गरिनेछ ।

### ४.२.५ लैङ्गिक तथा समावेशी कानुनी संरचना

> *निर्वाचनसम्बन्धी सबै कानुन, नियम तथा निर्देशिकाहरूमा समावेशी नीति अनुरूप लैङ्गिक विषयलाई समावेश गरिँदै लगिनेछ ।*
>
> लैङ्गिक तथा समावेशीकरण नीति, २०७० दफा ९.८

निर्वाचनसँग सम्बन्धित कानुन, नीति र निर्देशिकाहरू निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि महत्वपूर्ण आधार स्तम्भ हुन् । राजनीतिक र निर्वाचन प्रक्रियामा लैङ्गिक र समावेशीकरण सम्बन्धी प्रावधानहरू सहितका कानुनी दस्तावेजहरू केही रूपमा सुधार र संशोधन भएका छन् । यद्यपि, तिनमा अझै सुधारको खाँचो छ। अतः लैङ्गिक तथा समावेशीकरणलाई राजनीतिक र निर्वाचनका क्षेत्रमा मूलप्रवाहीकरण गर्न निम्न कार्यहरू गरिनेछ :

(क) निर्वाचन सम्बन्धी ऐन, नियमावली, तथा आयोगले तर्जुमा तथा जारी गरेका निर्देशिका र कार्यविधि, आदेश तथा निर्देशन कार्यान्वयन गर्दा निर्वाचन प्रक्रियाहरूमा रहेका विभेदकारी प्रावधान संशोधन गरिनेछ ।

(ख) राजनीतिक दल सम्बन्धी विधेयकको मस्यौदामा राजनीतिक दलहरूले महिला एवम् सीमान्तकृत समूहहरूको समानुपातिक प्रतिनिधित्व नगराएसम्म दर्ता गर्न नपाइने प्रावधान समेटिनेछ ।

(ग) राजनीतिक दल सम्बन्धी विधेयकमा सबै राजनीतिक दलका समिति र समूहहरूमा महिला तथा सीमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

(घ) आफ्ना उम्मेदवारहरू (खास गरी महिला) माथि हुने हिंसालाई सहन गर्ने राजनीतिक दलहरू माथि हुने कारवाहीका सम्बन्धमा स्पष्ट रूपमा चित्रण र कार्यान्वयन गर्नका लागि निर्वाचन आचारसंहिता संशोधन गरिनेछ ।

(ङ) महिला पर्यवेक्षकहरूका साथै सीमान्तकृत समूहहरूको प्रतिनिधित्व गर्ने व्यक्तिको समानुपातिक प्रतिनिधित्व सम्बन्धी प्रावधान समेटिने गरी निर्वाचन पर्यवेक्षण नीति संशोधन गरिनेछ ।

### ४.२.६ राजनीतिक प्रक्रियाहरूमा लैङ्गिक तथा समावेशीसम्बन्धी अनुसन्धान

निर्वाचन र राजनीतिक सहभागितामा लैङ्गिकता तथा समावेशिताका विषयहरू/सवाल माथि गहन अनुसन्धानको अभावलाई सम्बोधन गर्न मतदानपछिको चरण उपयुक्त हुन्छ । खासगरी आयोगले निम्न बमोजिमका क्रियाकलापहरू गर्न सक्नेछ :

(क) निर्वाचन प्रक्रियाहरूमा लैङ्गिकता, समावेशीकरण र राजनीतिक सहभागिताका बारेमा अनुसन्धान गरिनेछ । अनुसन्धानको विषय निम्न अनुसार हुन सक्दछन् : लैङ्गिक तथा समावेशी चुनाव र चुनाव प्रचार खर्च; लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट मतदाता शिक्षाको प्रभावकारिता; निर्वाचनका बेला कर्मचारी परिचालन; निर्वाचन हिंसा र लैङ्गिकता, पुरूष सञ्जाल र पारिवारिक सम्बन्धहरू, आर्थिक स्रोतमा पहुँच, महिला उम्मेदवार, मतदाता र चुनाव प्रचारकहरूले सामना गर्ने समस्याहरू ।

(ख) दलका संस्थागत संस्मरणलाई मजबुत तुल्याउने, सिकाइ र अभ्यासहरू आदानप्रदान गर्ने र दलको लैङ्गिक तथा समावेशी सिद्धान्तलाई व्यापक रूपमा प्रवर्द्धन गर्ने दृष्टिकोण सहित यस विषयमा आफ्नो कार्यको गुणस्तरीय प्रतिवेदन तयार गर्ने र प्रकाशन गर्न जोड दिइनेछ ।

(ग) सबै लैङ्गिक तथा समावेशी अनुसन्धानका दस्तावेजहरूलाई आयोगको सम्पत्तिको रूपमा विद्युतीय प्रविधिको प्रयोग गरी भण्डारण गरिनेछ र यसको पहुँच सर्वसाधारणलाई उपलब्ध हुने कुरा सुनिश्चित गराइनेछ ।

## ५. रणनीति कार्यान्वयन

लैङ्गिक तथा समावेशी सम्बन्धी रणनीति आयोगको महत्वपूर्ण दस्तावेज हो । यसको व्यावहारिक प्रयोगबाट सिकिएका पाठहरू र उत्तम अभ्यासहरूका आधारमा यो परिमार्जित हुँदै जानेछ । उक्त रणनीतिको कार्यान्वयनका लागि लैङ्गिक तथा समावेशी मैत्री संगठनात्मक संस्कृति र जवाफदेही संयन्त्रहरू सिर्जना गर्न आयोगको नेतृत्व दृढ इच्छाशक्ति र लैङ्गिक तथा समावेशी सिद्धान्तहरूप्रति प्रतिबद्ध हुनु जरूरी छ ।

लैङ्गिक तथा समावेशी मूलप्रवाहीकरणका लागि आयोग र यस अन्तर्गतका कार्यालयहरू महत्वपूर्ण संयन्त्र हुन् । यसका लागि लैङ्गिक तथा समावेशीकरण एकाई महत्वपूर्ण सहयोगी एवं जिम्मेवार संयन्त्र हो । यथार्थमा एकाई कुनै एउटा भिन्नै संयन्त्र नभएर आयोगको अन्य शाखाहरूका स्थायी कर्मचारीहरू रहेको एउटा एकाई हो । यसले (१) लैङ्गिक तथा समावेशी सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्न अन्य शाखाहरूलाई मद्दत गर्नेछ; र (२) विभिन्न शाखाबाट सम्पादित क्रियाकलापहरूको कार्यान्वयनको अनुगमन गर्नेछ । यो रणनीतिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु आयोगका हरेक कर्मचारीको कर्तव्य हुनेछ।

## अनुसूची १ : कार्यप्रणाली

रणनीति निर्माण सम्बन्धी यो कार्यप्रणाली कार्यस्थल-अनुसन्धान र आयोग, सरकार, नागरिक समाज, महिला, अपाङ्गता भएका र सामाजिक रूपमा बहिस्कृत समूहहरू, अन्तर्राष्ट्रिय दातृ निकाय एवं राजनीतिक दलका उम्मेदवार तथा तिनिहरूका (तल दिइएको टेबुल १) बाट प्राप्त प्रतिक्रिया तथा धारणाहरूमा आधारित छ । यसबाहेक विराटनगर, नेपालगञ्ज, काठमाडौं र दाङमा भएका निर्वाचन आयोगका लैङ्गिक अन्तरक्रिया कार्यक्रमहरूमा राजनीतिक दलका सदस्यहरूबाट सङ्कलित प्रतिक्रियाहरूलाई पनि यसमा मनन गरिएको छ ।

टेबुल १ : रणनीतिक परामर्शहरू

| क्र.सं. | मिति | नाम | पद | सङ्गठन |
|---|---|---|---|---|
| १. | २०७१ साल असार १२ गते | ईला शर्मा | माननीय निर्वाचन आयुक्त, GICC का संयोजक | निर्वाचन आयोग |
| २. | २०७१ साल असार १२ गते | डा. रामभक्त पी.बी. ठाकुर | माननीय निर्वाचन आयुक्त | निर्वाचन आयोग |
| ३. | २०७१ साल असार १३ गते | महेश्वर न्यौपाने, वीर बहादुर राई, गोपाल प्रसाद अर्याल, कोमल प्रसाद धमला, सुभाष चन्द्र राई, एकनारायण शर्मा, लक्ष्मी देवी होमागाई, सरोज भट्टराई, अनामिका प्रधान, प्रज्ञा बस्याल | GI एकाई सदस्यहरू, आयोगकासहसचिवहरू, उपसचिवहरू, पर्यवेक्षकहरू तथा युएनडिपीका कर्मचारी | निर्वाचन आयोग, युएनडिपी |
| ४. | २०७१ साल असार १६ गते | मधु प्रसाद रेग्मी, वीर बहादुर राई | सचिव, GI एकाई प्रमुख | निर्वाचन आयोग |

| क्र.सं. | मिति | नाम | पद | सङ्गठन |
|---|---|---|---|---|
| ५. | २०७१ साल असार १७ गते | सरोज भट्टराई, लक्ष्मी देवी होमागाई | GI एकाई सदस्यहरू | निर्वाचन आयोग |
| ६. | २०७१ साल असार १७ गते | कोमल प्रसाद धमला | GI एकाई सदस्य | निर्वाचन आयोग |
| ७. | २०७१ साल असार १८ गते | गोपाल प्रसाद अर्याल | GI एकाई सदस्य | निर्वाचन आयोग |
| ८. | २०७१ साल असार १८ गते | सरोज भट्टराई | GI एकाई सदस्य | निर्वाचन आयोग |
| ९. | २०७१ साल असार १८ गते | लीला देवी गड्तौला | सहसचिव, कानुन तथा राजनीतिक दल सम्बन्ध महाशाखा | निर्वाचन आयोग |
| १०. | २०७१ साल असार १८ गते | पारश आचार्य, विशाल राई | कार्यकारी निर्देशक, कार्यक्रम संयोजक | युथ इनिसिएटिभ |
| ११. | २०७१ साल असार १८ गते | सावित्रा परियार, सुमन पौडेल, गजाधर सुनार, जितेन्द्र पासवान | कार्यक्रम प्रबन्धक, कार्यकारी निर्देशक, अध्यक्ष, कोषाध्यक्ष | दलित गैसस महासङ्घ |
| १२. | २०७१ साल असार १९ गते | राजन नेपाल, तुलसा आचार्य | कार्यकारी निर्देशक, अध्यक्ष | जानकी महिला, जनजागरण समाज |

| क्र.सं. | मिति | नाम | पद | सङ्गठन |
|---|---|---|---|---|
| १३. | २०७१ साल असार १९ गते | गोपालकृष्ण शिवाकोटी, दीपिका नायडू, शोभा गौतम | सदस्य सचिव, कार्यक्रम अधिकृत, सहायक सदस्य सचिव | एनइओसी |
| १४. | २०७१ साल असार १९ गते | मनिष प्रसाई, जया केसी | प्रशासन प्रबन्धक, राष्ट्रिय परियोजना संयोजक | अपाङ्गताभएका व्यक्तिहरूको राष्ट्रिय महासङ्घ नेपाल |
| १५. | २०७१ साल असार २० गते | सुवास चन्द्र राई | GI एकाई सदस्य | निर्वाचन आयोग |
| १६. | २०७१ साल असार २० गते | एक नारायण शर्मा | GI एकाई सदस्य | निर्वाचन आयोग |
| १७. | २०७१ साल असार २० गते | लीला अधिकारी ओझा | प्रमुख, GI एकाई | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| १८. | २०७१ साल असार २० गते | किरण रूपाखेती, राधिका अर्याल लामिछाने | उपसचिव, सहसचिव | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| १९. | २०७१ साल असार २४ गते | टीका दाहाल | सचिव, राष्ट्रिय अपाङ्ग महासंघ GICC सदस्य | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल |
| २०. | २०७१ साल असार २४ गते | शर्मिला कार्की | अध्यक्ष | जागरण नेपाल |

| क्र.सं. | मिति | नाम | पद | सङ्गठन |
|---|---|---|---|---|
| २१. | २०७१ साल असार २५ गते | केन्जा आकेर्टिट, जोन लोब्डाला | आवासीय राष्ट्रिय निर्देशक, राजनीतिक दल सम्बन्धी कार्यक्रम निर्देशक | नेसनल डेमोक्रेटिक इन्स्टिच्युट (NDI) |
| २२. | २०७१ साल असार २७ गते | कमला पन्त | संविधानसभा सदस्य | नेपाली काङ्ग्रेस पार्टी |
| २३. | २०७१ साल असार ३० गते | गिताञ्जली सिंह, जर्जिया दिपाओली, दुर्गा प्रसाद खतिवडा | उपप्रतिनिधि, परामर्शदाता, कार्यक्रमविद् | यू.एन.वुमन |

## अनुसूची २ : उदाहरणात्मक परिसूचकहरू

**संस्थागत तहमा GI मूलप्रवाहीकरण मापन गर्ने परिसूचकहरू :**

- % मा स्थायी महिला कर्मचारीहरू (पदको किसिम अनुसार वर्गिकरण गरिएको, अर्थात् निर्णायक/गैर-निर्णायक पद)
- % मा सीमान्तकृत समूहहरूको प्रतिनिधित्व गर्ने कर्मचारीहरू (पदको किसिम अनुसार वर्गिकरण गरिएको, अर्थात् निर्णायक/गैर-निर्णायक पद; साथै लिङ्गका आधारमा पनि)
- % मा अपाङ्गता भएका कर्मचारीहरू (पदको किसिम अनुसार वर्गिकरण गरिएको, अर्थात् निर्णायक/गैर-निर्णायक पद; साथै लिङ्गका आधारमा पनि
- % मा GI- लाई मूलप्रवाहमा समेटेका आन्तरिक नीतिहरू
- % मा BRIDGE लैङ्गिक तथा निर्वाचन प्रशिक्षणमा सहभागी भएका निर्वाचन आयोगका जिल्ला तहका कर्मचारीहरू (लिङ्गका आधारमा वर्गिकरण)

**कार्यक्रम/गतिबिधि तहमा GI मूलप्रवाहीकरण मापन गर्ने परिसूचकहरू :**

- % मा पूर्ण पहुँचयोग्य मतदान केन्द्रहरू,
- % मा GI लक्षित समूहका व्यक्तिहरू जसले मतदान प्रक्रियाका बारेमा आत्मविश्वास बढेको अनुभव गर्दछन् (हस्क्षेपकारी कार्यक्रम पूर्व र पश्चात्का सर्वेक्षणका आधारमा)
- % मा लिङ्ग, जाति र अपाङ्गताका आधारमा वर्गिकृत मतदान कर्मचारीहरू
- % मा महिला उम्मेदवारहरूलाई लक्षित समाचार सम्प्रेषण
- GI प्रति संवेदनशील प्रावधानहरूको सङ्ख्या
- आयोगको हस्तक्षेप कायक्रमको परिणाम स्वरूप स्थानीय स्तरमा निर्वाचित भएका आधारभूत तहका महिला नेतृहरूको सङ्ख्या
- आयोगको सहयोगप्रति महिला सभासदहरूको सन्तुष्टिको स्तर (हस्क्षेपकारी कार्यक्रम पूर्व र पश्चात्का सर्वेक्षण मार्फत मापन भएको)
- आफ्ना घोषणापत्रमा GI सिद्धान्तहरूलाई समावेश गर्ने राजनीतिक दलहरूको सङ्ख्या ।

## अनुसूची ३ : निर्वाचन आयोगमा GI मूलप्रवाहीकरणका लागि कानुनी तथा नीतिगत रूपरेखा

| निर्वाचन आयोगमा GI मूलप्रवाहीकरणसँग सान्दर्भिक प्रावधानहरू | |
|---|---|
| राष्ट्रिय स्तर | |
| **नेपालको अन्तरिम संविधान, २०६३** | • समानताको हक (धारा १३)<br>• छुवाछुत तथा जातीय भेदभाव विरूद्धको हक (धारा १४)<br>• आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ । (धारा २१)<br>• मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेसी, दलित, आदिवासी जनजाति, महिला, मजदूर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने (धारा ३३ घ१)<br>• राजनैतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्नेछ; उम्मेदवारहरूको सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायत अन्य वर्ग समेतको समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने । (धारा ६३.४)<br>• विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरू समेत रहने समावेशी व्यवस्था गरिएको हुनु पर्छ । (धारा १४२.३.ग)<br>• कुनै राजनैतिक दलको सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति, भाषा वा लिङ्गको आधारमा नेपाली नागरिक उपर भेदभावपूर्ण बन्देज लगाइएको ...... रहेछ भने निर्वाचन आयोगले त्यस्तो संगठन वा दललाई दर्ता गर्ने छैन । (धारा १४२.४) |
| **तीन वर्षे अन्तरिम योजना, २०६४** ("प्रधानमन्त्रीबाट दिइएको सन्देश") | • अपाङ्ग, महिला, दलित, आदिवासी/जनजाति, मधेशी, मुस्लिम र पिछडिएको क्षेत्रलाई "वहिष्करणको अनुभव गरेका" का रूपमा स्विकार गर्दछन् । |

| | |
|---|---|
| **निजामति सेवा ऐन , २०४९** (संशोधन सहित) | • उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिमका उम्मेदवारबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :- (क) महिला - तेत्तीस प्रतिशत (ख) आदिवासी/जनजाति - सत्ताइस प्रतिशत (ग) मधेसी - बाइस प्रतिशत (घ) दलित - नौ प्रतिशत (ङ) अपांग - पाँच प्रतिशत (च) पिछडिएको क्षेत्र - चार प्रतिशत (दफा ७) |
| **स्थानीय स्तर** | |
| **स्थानीय स्वायत्त शासन ऐन, २०५५मा भएको संशोधन** (हाल संविधानसभाबाट पारित हुनका लागि प्रस्तुत भएको) | • महिला तथा सामाजिक रूपमा बञ्चित समूहको सहभागिताका लागि वडा र गाउँ विकास समितिका तहमा तथा जिल्ला र नगरपालिका परिषद्का तहमा आरक्षणहरूको प्रस्ताव गर्दछ। |
| **निर्वाचन आचारसंहिता र ऐनहरू** | |
| **निर्वाचन आचारसंहिता** | • चुनावी प्रचारप्रसार लैङ्गिकमैत्री तथा फरक किसिमले सक्षमता भएका व्यक्ति र महिलाहरूको आत्मसम्मानप्रति संवेदनशील हुनु पर्दछ र फरक किसिमले सक्षमता भएका व्यक्तिहरूलाई आक्रमण गरिनु हुँदैन (८.१०)<br>• कसैले पनि लैङ्गिक हिंसा हुने कार्य गर्न हुँदैन वा अरू कसैलाई यस्तो कार्य गर्नका लागि उक्साउनु पनि हुँदैन। (२.८) |
| **निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७०** | • महिला पर्यवेक्षकहरूका लागि चाहिने शैक्षिक योग्यता स्नातक तहबाट घटाएर उच्चमाध्यमिक तह बनाइएको छ |

| | |
|---|---|
| **संविधानसभा निर्वाचन ऐन, २०७०** | • राजनीतिक दलहरूले आफ्नो बन्द सूचीमा जनसङ्ख्याको प्रतिशतका आधारमा अन्य समूहहरू लगायत महिला, दलित, उत्पीडित जाति/आदिवासी समूह, पिछडिएको क्षेत्र, मधेसीको समानुपातिक प्रतिनिधित्व हुने गरी सूचीकृत गर्नु पर्दछ । (७.३)<br>• समानुपातिक निर्वाचन प्रणाली बमोजिम दिइने महिला उम्मेदवारको सङ्ख्यामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार दिइने महिला उम्मेदवारको सङ्ख्या जोडेर कुल सङ्ख्यामा न्यूनतम एक तिहाई महिला उम्मेदवार हुनु पर्नेछ । (७.५)<br>• दृष्टिविहीन, अपाङ्ग, वृद्ध, गर्भवती महिला वा यस्तै प्रकारको कुनै शारीरिक अशक्तता भएको मतदाताको लागि आयोगले मतदान गर्ने विशेष व्यवस्था गर्न सक्नेछ । (४६.३) |
| **संविधानसभा निर्वाचन निर्देशिका, २०७०** | • मतदान केन्द्रमा कर्मचारी खटाउँदा उपलब्ध भएसम्म ५० प्रतिशत महिला कर्मचारीलाई खटाउने । (५६.१.ग.२)<br>• शारीरिक रूपमा अशक्त वा फरक किसिमले सक्षम कर्मचारीलाई निर्वाचनमा खटाउँदा पायक पर्ने ठाउँमा खटाउने व्यवस्था गर्ने । (५६.१.ग.३)<br>• कर्मचारी खटाउँदा समावेशी सिद्धान्तलाई ध्यान दिने । (५६.१.ग.५)<br>• स्वयम्सेवक नियुक्ति गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिने । (५६.१.ग.५)<br>• दृष्टिविहीन, अपाङ्ग, वृद्ध, गर्भवती वा सुत्केरी महिला वा यस्तै प्रकारले कुनै शारीरिक अशक्तता भएको मतदाताका लागि प्राथमिकता साथ मतदान गर्ने व्यवस्था मिलाउनु पर्छ । (८७)<br>• दृष्टिविहीन, अपाङ्ग, वृद्ध, गर्भवती वा सुत्केरी महिला वा यस्तै प्रकारको शारीरिक अशक्तता भएका मतदातालाई मतदान गर्नमा अरूको सहयोग लिने अनुमति दिइने । (८८)<br>• मतदाताहरूको लैङ्गिक रूपमा छुट्टा छुट्टै तथ्याङ्क सङ्कलन र महिला र पुरूषका लागि छुट्टा छुट्टै लाइनको व्यवस्था गर्नु पर्ने । |
| **मतदाता शिक्षा निर्देशिका, २०७०** | • स्थानीय शिक्षक र स्वयम् सेवकहरूमध्ये ५०% महिला हुनुपर्ने । (१३.५.ग) |

| | |
|---|---|
| **स्थानीय निकाय निर्वाचन कार्यविधि ऐन, २०४८ को संशोधन** (हाल संविधानसभाबाट पारित हुनका लागि प्रस्तुत भएको) | • राजनैतिक दलहरूले उम्मेदवार चयन गर्दा गाउँ विकास समितिका सभापति, उपसभापति र वडा सदस्य; नगरपालिकाका मेयर र उपमेयर तथा अध्यक्ष, उपाध्यक्ष र क्षेत्रीय सदस्यमध्ये कम्तिमा ५०% महिलाहरू हुने गरी गर्नु पर्नेछ । |

**प्रकाशक**

निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं, नेपाल
टेलिफोन नं : (९७७१) ४२२८६६३
ईमेल : info@election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

**सहयोगी**

निर्वाचन सहयोग परियोजना, नेपाल

European Union

UKaid from the British people

UNDP Empowered lives. Resilient nations.

USAID FROM THE AMERICAN PEOPLE

INTERNATIONAL FOUNDATION FOR ELECTORAL SYSTEMS IFES 25 YEARS

यो प्रकाशन निर्वाचन आयोग, नेपालद्धारा प्रकाशित गरिएको हो । यो प्रकाशन युरोपियन युनियन, डिएफआइडी, डेनमार्क, नर्वे र युएनडिपीको आर्थिक सहयोगमा प्रकाशित भएको छ । यस प्रकाशनमा उल्लिखित विचारहरुले दातृमुलुक तथा दातृनिकायहरुको प्रतिनिधित्व गर्दैनन् ।

यस पाँच वर्षे लैङ्गिक तथा समावेशी रणनीतिको निर्माण सरोकारवालाहरु र आयोगका साझेदार संस्थाहरुसंगको परामर्श, इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स्को प्राविधिक सहयोग र अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकि सहयोग नियोग (USAID) को आर्थिक सहयोगमा गरिएको हो । यस प्रकाशनमा व्यक्त गरिएका विचारहरु लेखक(हरु) का हुन र यिनले IFES, अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकि सहयोग नियोग (USAID) वा अमेरिकि सरकारका विचारहरु प्रतिनीधित्व गर्दैनन् ।